का.जि.प्र.का.द.नं. १००/०५९/६०

१९ चैत २०७९,
आइतबार
2 April 2023,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ६७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




## सम्भावित उम्मेदवार



# प्रतिष्ठाको प्रतिस्पर्धा

गत मंसिरमा सम्पन्न चुनावमा उपेन्द्र यादव र सिके राउत एउटै निर्वाचन क्षेत्रमा चुनाव लडेका थिए । त्यसबेला पराजित भएका यादव उपचुनावमार्फत संसदमा आउन खोजेका छन् । यसलाई दुवै नेताले प्रतिष्ठाका रुपमा लिएको देखिन्छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १८ चैत ।

जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष सिके साउत फेरि आमुन्नेसामुन्ने भएका छन् । गत मंसिरमा सम्पन्न चुनावमा उपेन्द्र र सिके राउत एउटै निर्वाचन क्षेत्रमा चुनाव लडेका थिए । त्यसबेला पराजित भएका यादव उपचुनावमार्फत संसदमा आउन खोजेका छन् । यसलाई दुवै नेताले प्रतिष्ठाका रुपमा लिएको देखिन्छ ।

गत चुनावमा सप्तरी २ मा सिके राउतसँग उपेन्द्र यादव पराजित भएका थिए । त्यसपछि संसदमा छिर्न यादवले आफ्नो पार्टीले उपराष्ट्रपति पाउने वातावरणका लागि प्रयास गरे । उनको प्रयास सफल भयो । जसपाकै नेता रामसहायप्रसाद यादव उपराष्ट्रपतिमा निर्वाचित भए । त्यसपछि रिक्त बारा २ मा सत्तारुढ गठबन्धनको तर्फबाट साझा उम्मेदवार बन्ने र संसद् छिर्ने यादवको तयारी छ । सत्तारुढ गठबन्धनकै साझा उम्मेदवार बनेर संसदमा आउने तयारी गरेपछि गत ४ मंसिरको निर्वाचनमा यादवलाई हराएका राउतले आफ्नो प्रतिष्ठासँग जोडेर लिएका छन् । उनले उपराष्ट्रपतिमा जसपाका उम्मेदवारलाई मतदान नगरेर आफ्नै उम्मेदवार खडा गरेका थिए । बारा २ मा पनि यादवलाई रोक्ने रणनीतिमा उनी देखिन्छन् ।

चुनावी अंकगणितलाई आफ्नो पक्षमा पार्ने प्रयासमा छन् यादव-राउत या जसपा-जनमत पार्टी । यि दुई पार्टी एक-अर्काको बलियो प्रतिस्पर्धी र विरोधीका रूपमा फेरि देखिएका हुन् । बारा २ मा जनमतको तर्फबाट उम्मेदवार खडा गरेर यादवसँग राजनीतिक टकराव लिने मनस्थिति राउतको देखिन्छ । तर, ४ मंसिरको हारको बदला लिन यादवको मोर्चाबन्दी छ । लोसपाले पनि उम्मेदवारी पृष्ठ २ मा

> उपचुनाव भए पनि दलहरुले महत्व दिएकाले बारा-२ मा हेबिवेट उम्मेदवार मैदानमा देखा पर्दैछन् ।

आगामी वैशाख १० गते हुने उपचुनावमा जसपा अध्यक्ष उपेन्द्र यादव आफैँ उम्मेदवार हुने तयारीमा छन् । लोकतान्त्रिक समाजवादी पार्टी लोसपाले राजेन्द्र महतोलाई उम्मेदवार बनाउने तयारी गरेको छ । महतो गत चुनावमा सर्लाही २ मा पराजित भएका थिए । धनुषा ३ छाडेर सर्लाही २ फर्किएका राजेन्द्रलाई माओवादी केन्द्रको चुनाव चिह्न लिएर लडेका नेपाल समाजवादी पार्टीका अध्यक्ष महिन्द्रले २ हजार ११ मत अन्तरले पराजित गरेका थिए ।

जनमत पार्टीले शिवचन्द्र कुशवाहलाई उम्मेदवार बनाउने भएको छ । ४ मंसिरको चुनावमा रामसहाय प्रसाद यादवले १३ हजार ८२२ मत ल्याएर चुनाव जित्दा तत्कालीन माओवादीका उम्मेदवार रहेका कुशवाह ३५४ मतान्तरले पराजित भएका थिए । उनै कुशवाह यसपटक जनमत पार्टीबाट चुनाव लड्न लागेका हुन् ।

नेकपा एमालेले उम्मेदवार तय गरिसकेको छैन् । एमालेकबो जिल्ला कमिटीले पूर्वमन्त्री पुरुषोत्तम पौडेलसहित ३ जनाको नाम सिफारिस गरेको छ । जिल्ला कमिटीले पोलिटव्युरो सदस्य एवम् मधेस पृष्ठ २ मा

■ टीआरसीमा एमाले

# विषयवस्तुमै असहमत

> संक्रमणकालीन न्यायसम्बन्धी विधेयकलाई संसदीय समिति गठन गरेर त्यहाँ दफावार छलफल गर्नुपर्ने बताउँदै आएको एमालेले यसको कारण दिएको छ - विषयवस्तुमै हाम्रो प्रष्ट असहमति छ ।




**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १८ चैत ।

आइतबार प्रतिनिधिसभाको बैठकको सम्भावित कार्यसूचीमा संक्रमणकालीन न्यायसम्बन्धी विधेयक अगाडि बढाउने विषय समावेश छैन् । सत्तारु दलहरुले आइतबार विधेयक अगाडि बढ्ने बताइरहेका बेला सम्भावित कार्यसूचीमा नपरेको हो । दलहरु एकमत नरहेका कारण सम्भावित कार्यसूचीमा नराखिएको संसद सचिवालयका अधिकारीहरु बताउँछन् । यसका पछाडि एमालेले विधेयकको विषयवस्तु र प्रक्रियामा राखेको असहमति मुख्य विषय भएको अधिकारीहरु बताउँछन् ।

प्रमुख प्रतिपक्षी नेकपा एमालेले संक्रमणकालीन न्यायसम्बन्धी विधेयकलाइ संसदीय समित गठन गरेर त्यहाँ दफावार गर्नुपर्ने बताउँदै आएको छ । त्यसको कारण हो विषयवस्तुमै राखेको प्रस्ट असहमति छ ।

नेकपा एमालेका सांसद रघुजी पन्तका अनुसार टीआरसीको विषयवस्तुमा सबै दल र सरोकारवाला पक्ष सबैले सहमति जनाउन सक्ने गरी संशोधन गर्न सरकार तयार हुनुपर्ने बताउँछन् । अन्यथा विधेयक अगाडि बढ्न नदिनेमा आफूहरु प्रष्ट रहेको बताउँछन् ।

प्रस्तावित विधेयकमा द्वन्द्वकालीन मुद्दा हेर्न छुट्टै विशेष अदालत गठन गर्ने र त्यस्तो अदालतका अध्यक्ष र सदस्यहरु सरकारले न्याय परिषद्को परामर्शमा उच्च अदालतका न्यायाधीशहरुमध्येबाट तोक्ने उल्लेख छ ।

एमालेले अदालत गठन प्रक्रियामै असहमति जनाएको छ । 'संविधान अनुरुप उच्च अदालत गठन प्रक्रिया अनुरुप गरिनुपर्छ' एमाले सांसद पन्तले संसदमा भनेका छन् ।

एमालेले आफ्नो असहमित राखेको अर्को विषय हो - नकारात्मक सूची (भेटिङ)को विषय । एमाले सांसद पन्त भन्छन्, 'प्रस्तावित विधेयकमा भेटिङ (नकारात्मक सूची)को व्यवस्था हटाइएको छ । यो पनि अनुपयुक्त छ ।' मानव अधिकार उल्लंघनकर्ताहरुलाई कुनै पनि विशेष अवसर वा लाभबाट निरुत्साहित गर्न भेटिङको अवधारणा कार्यान्वयन गरिन्छ । एमालेले दुबै आयोगको समयसीमा दुई वर्ष तोकेकोमा पनि पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## मलेसियामा केडिएनको अवधिसम्म कामदार ल्याउन पाउनुपर्ने माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ चैत

मलेसियाका रोजगारदाताहरूले मलेसियन केडिएनको अवधिसम्म विदेशबाट कामदार आपूर्ति गर्न पाउनुपर्ने माग जोडदाररूपमा उठाएका छन् । मलेसियाका मानव संशाधन मन्त्री वी. शिवकुमारले मार्च १४ तारेखसम्म विभिन्न क्षेत्रका लागि ९ लाख ९५ हजार ३ सय ९६ जना विदेशी कामदारको रोजगारी कोटालाई मन्त्रालयले स्वीकृत गरेको र उनीहरूलाई नभित्र्याएसम्म नयाँ एप्रुभल नदिने निर्णय गरिएको सार्वजनिक गरेका थिए ।

उत्पादन, निर्माण, वृक्षरोपण, कृषि र सेवा (रेस्टुरेन्ट मात्र) गरी पाँच क्षेत्रमा विदेशी कामदारको आवेदनहरू स्वीकृति स्थगन गरिएको उनले बताएका थिए । हालसम्म स्वीकृत विदेशी कामदार कोटाको स्वीकृतिले मलेसियाले प्राथमिकतामा राखेका महत्वपूर्ण क्षेत्रलगायतका उद्योगहरूमा विदेशी कामदारको आवश्यकता पूरा गर्नसक्ने अपेक्षा गरिएको उनको भनाइ छ । तर मलेसियाका रोजगारदाताहरूको संस्था फेडरेशन अफ मलेसियन म्यानुफ्याक्चर्सले सरकारी निर्णय अव्यवहारिक भएको भन्दै खेद व्यक्त गरेको छ । मलेसियामा विदेशी कामदार ल्याउन पाउने अवधि (मलेसियन केडिएन) १८ महिनाको रहेको छ ।

फेडरेशनका प्रेसिडेन्ट सो थियन लिले विदेशी कामदार पृष्ठ २ मा

### वैदेशिक रोजगारीलाई व्यवस्थित बनाइने छ : श्रम मन्त्री भण्डारी

**पाटन/रासस–** नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउने बताएका छन् । वैदेशिक रोजगारीमा जाने नेपालीले सम्मानका साथ विश्व बजारमा श्रम गर्नसक्ने वातावरण सिर्जना गर्ने मन्त्री भण्डारीको भनाइ छ ।

शनिबार ललितपुरको बाँडेगाउँस्थित भट्टराई आश्रमको अवलोकन एवं निरीक्षणमा पुगेका मन्त्री भण्डारीले वैदेशिक रोजगारमा गएका नेपालीको ठूलो योगदान भएकाले यसलाई व्यवस्थित बनाउन पृष्ठ २ मा

# मिटरब्याज पीडितको आन्दोलन फिर्ता

सहमति पत्रमा 'मिटरब्याज पीडितका नियमितरुपमा आउने उजुरी/गुनासोलाई सम्बोधनको लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्लास्थित नेपाल प्रहरी, सरकारी वकिल, मालपोत, नापी कार्यालयका प्रमुख, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि र मिटरब्याज पीडितको प्रतिनिधिसमेत रहने गरी जिल्लास्तरीय समन्वय/सहजीकरण समिति गठन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने' भनिएको छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १८ चैत ।

मिटरब्याज पीडितहरुको आन्दोलन फिर्ता भएको छ । सरकारसँग ५ बुँदे सहमति भएसँगै आन्दोलन फिर्ता भएको हो । मिटरब्याज पीडितको समस्या समाधानका लागि आयोग गठन गर्नेसहितका ५ बुँदे सहमति भएको छ ।

शनिवार सरकारबी वार्ता टोली र र पीडितहरुको वार्ता टोलीबीच भएको सहमतिमा ' मिटरब्याजीहरूले निरक्षर, गरिब तथा आर्थिक रुपले अप्ठ्यारो परिस्थितिमा रहेका व्यक्तिहरुसँग



*प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग शनिबार बालुवाटारमा मिटरब्याज पीडितहरु भेटवार्ता गर्दै । तस्बिर:प्रदीपराज वन्त/रासस*

उच्च ब्याजदरमा ऋण असुल्ने, वास्तविक लेनजदेनभन्दा बढीको तमसुक/कागजात बनाउने, ऋणीको जायजेथा आफ्नो कब्जामा लिने तथा ऋणको दुष्चक्रमा फसाई विभिन्न ढंगले शोषणसमेत गर्ने गरेको गुनासो रहेकोले मिटरब्याज पीडितका समस्या सम्बोधनको लागि यो सहमित भएपछि बस्ने मन्त्रिपरिषदको पहिलो बैठकबाट जाँचबुझ आयोग ऐन २०२६ बमोजिमको आयोग गठन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,' लगायतका विषय छन् ।

पूर्वन्यायाधीश वा आयुक्त तहबाट नेतृत्व हुने आयोगमा नेपाल प्रहरीका महानिरीक्षक र महान्यायाधिवक्ता पनि सदस्य राख्ने र आयोगको संरचना सबै जिल्लामा रहने व्यवस्था गर्ने सरकारको तयारी छ । आयोग गठन भएसँगै मिटरब्याज पीडितको आन्दोलन फिर्ता भएको हो । सबै जिल्लामा आयोगको पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com



# ९ बुँदे घोषणापत्र जारी गर्दै सकियो 'राष्ट्रिय मिडिया सम्मेलन'

## प्रेसमैत्री कानून निर्माण गर्न माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ चैत

नेपाल पत्रकार महासंघले नागरिक अधिकार, प्रेस स्वतन्त्रता, सूचनाको हक सुनिश्चितासहितको प्रेसमैत्री कानून निर्माणको माग गरेको छ ।

महासंघ केन्द्रीय समितिको चैत्र १६ गते पश्चिम नवलपरासीको रामग्राममा सम्पन्न आठौं बैठक र शुक्रबार रुपन्देहीको लुम्बिनीमा सम्पन्न 'राष्ट्रिय मिडिया सम्मेलन' पश्चात ९ बुँदे घोषणापत्र जारी गर्दै उक्त माग गरेको हो । महासंघले संविधानअनुसार बन्नुपर्ने सञ्चार सम्बद्ध निकायको गठन तथा पूर्णताका लागि सरकारको ध्यानाकर्षण समेत गरेको छ ।

नेपालको संविधान २०७२ ले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पूर्ण प्रत्याभूत गरेपनि त्यसपछि गठन भएका तीनवटै तहका सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक




हकलाई पूर्णतः कार्यान्वयनमा ल्याउने सञ्चार सम्बद्ध कानूनहरू निर्माण नभएकोप्रति महासंघले गम्भीर चासो र चिन्ता व्यक्त गरेको छ ।

महासंघलाई क्रियाशील पत्रकारको साझा संगठनका रूपमा विकास गर्न सदस्यता शुद्धीकरण अभियानलाई थप प्रभावकारी बनाउने सम्मेलनले प्रण गरेको छ । साथै पत्रकारितामा लामो समयदेखि क्रियाशील नभएका र अन्य पेशामा लागेकालाई सदस्यता परित्यागका लागि पनि महासंघले आग्रह गरेको छ ।

श्रमजीवी पत्रकार ऐनलगायतका विद्यमान कानूनअनुसारका न्यूनतम पारिश्रमिक, सेवा सुविधालगायत प्राप्तिबाट श्रमजीवी पत्रकारहरू बञ्चित भइरहेको ठहर गर्दै सम्मेलनले ऐनको पूर्ण कार्यान्वयन, समय सापेक्षा न्यूनतम पारिश्रमिकको वृद्धि र तोकिएका सेवा सुविधाहरू पूर्ण कार्यान्वयनका लागि सरकार र सम्बन्धित सञ्चार गृहलाई आग्रह समेत गरेको छ। सञ्चारमाध्यमको दिगो र भरपर्दो ढंगले सञ्चालन गर्नका लागि समानुपातिक विज्ञापन प्रणालीलाई तत्काल लागु गर्न माग गरिएको छ ।

सम्मेलनले पत्रकार आचारसंहिताको पूर्ण पालना गर्दै जिम्मेवार र मर्यादित पत्रकारिता गर्न सबै सञ्चारकर्मीलाई पुनःआह्वान गर्दै पेशागत दक्षता अभिवृद्धि गर्न तालिम तथा वृत्ति विकासका लागि सञ्चालन गर्दै आएका कार्यक्रमलाई अभियानकै रूपमा अघि बढाउने घोषणा समेत गरेको छ । गौतम बुद्धको जन्मस्थल लुम्बिनी, अस्तुधातूमध्येको एक अस्तुधातू रहेको नवलपरासीको रामग्राम, कपिलवस्तुको तिलौराकोट, बुद्धको मावलीस्थल देवदह क्षेत्रको प्रचार-प्रसार, सम्वर्द्धन, संरक्षण र आवश्यक पूर्वाधार विकासका लागि लुम्बिनी विकासको गुरुयोजना पूर्ण कार्यान्वयन गर्न महासंघले सबै तहका सरकार तथा लुम्बिनी विकास कोषलाई सम्मेलनमार्फत आग्रह गरेको छ ।

# विश्व अटिजम दिवस मनाइँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ चैत




आज विश्व अटिजम जागरुकता दिवस । नेपालसहित विश्वभर यो दिवस विभिन्न कार्यक्रम गरी मनाइँदैछ । अटिजमका बारेमा जागरूकता र समझदारी बढाउन र अटिजम भएका व्यक्तिहरूको समावेशीकरण र स्वीकृतिलाई बढवा दिन प्रत्येक वर्ष अप्रिल २ तारिखका दिन यो दिवस मनाइने गरिन्छ ।

संयुक्त राष्ट्र संघको महासभाले अप्रिल २ लाई विश्व अटिजम सचेतना दिवसका रूपमा तोक्न सर्वसम्मतिले मतदान गरेसँगै पहिलो पटक अटिजम जागरूकता दिवस सन् २००८ मा मनाइएको थियो । त्यसपछि प्रत्येक वर्ष यो दिवस मनाउँदै आइएको छ । नेपालमा भूकम्प, कोरोना जस्ता विपत्तिसँगै अभिभावकको व्यस्तता, सानो उमेरदेखि मोबाइल-टिभीको लतका कारण बालबालिकामा मानसिक स्वास्थ्य समस्या बढिरहेको मनोचिकित्सकहरु बताउँछन् ।

सन् २०२१ को सीडीसीको आँकडा अनुसार प्रत्येक ४४ जनामध्ये १ जनामा अटिजम देखिने बताइएको छ। यस्तै विश्व स्वास्थ्य संगठन(डब्लुएचओ)को २०२२ को रिपोर्ट अनुसार विश्वव्यापी प्रत्येक १०० जना बालबालिकामध्ये १ जनामा अटिजम भएको आँकडा गरिएको छ । यी संख्या क्रमशः प्रत्येक वर्ष बढ्दो बढ्दै गएको पाइन्छ ।

नेपालमा अटिजमको संख्या के कति छ भन्न कुनै सर्वेक्षण भने गरिएको पाइँदैन । केही वर्षअघि सन् २०१६ मा नेपालको एक दुर्गम जिल्लामा गरिएको एक अनुसन्धानका क्रममा १००० बालबालिकामध्ये ३ जना स्कुल जाने बालबालिकामा अटिजमको लक्षण देखिएको थियो ।

विशेष गरी अटिजम एउटा स्नायु विकास सम्बन्धी समस्या हो जुन बालबालिकाको विकास क्रममा देखिने गर्दछ । अटिजम भएका बालबालिकामा सामाजिक सञ्चार र सामाजिक अन्तरक्रियामा समस्या हुनुका साथै व्यवहार एकोहोरो हुने गर्दछ ।

अटिजम भएका बच्चाहरुमा अरुको बारेमा वास्ता नगर्ने, आँखामा आँखा जुधाएर कुरा नगर्ने, उमेर अनुसार बोल्न नसक्ने र कुनै व्यवहार बारम्बार गरिरहने जस्ता समस्या देखिन्छन् । अटिजमका लक्षण प्रायः दुई वर्षको उमेर सम्ममा देखा पर्छन् ।

नेपालमा पछिल्लो समय अटिमका समस्या लिएर अभिभावकहरु बालबालिकालाई अस्पताल लिएर जाने क्रम बढ्दो छ ।

### प्रतिष्ठाको...

दिने निर्णय गरेर यादवका लागि चिन्ता थपिदिएको छ । यसले बारा २ को उपनिर्वाचन रोचक मात्रै होइन, पेचिलो पनि बन्ने देखिन्छ ।

तथापि, गठबन्धनका ठूला दल कांग्रेस सभापति शेरबहादुर देउवा, माओवादी अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल बारा २ मा यादवलाई गठबन्धनको उम्मेदवार बनाउन तयार छन् । जनमतसँगै लोसपा र नागरिक उन्मुक्ति पार्टी यादवविरोधी मोर्चामा छन् ।

### सम्भावित...

प्रदेश सहइन्चार्ज समेत रहेका पौडेलसहित राजेश साह र बन्दना सिंहको नाम सिफारिस गर्ने निर्णय गरेको हो ।

साह एमाले प्रदेश कमिटी सदस्य र सिंह अनेमसंघ बाराकी अध्यक्ष हुन् । २०७० सालमा बारा क्षेत्र नं. ६ बाट संविधानसभा सदस्यमा निर्वाचित भएका पौडेल त्यसयता चुनाव लडेका छैनन् । उनी सुशील कोइराला नेतृत्वको सरकारमा युवा तथा खेलकुद मन्त्रीसमेत रहेका थिए ।

रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीबाट रमेश खरेल उम्मेदवार बन्ने भएका छन् । काठमाडौं १ बाट पराजित खरेललाई स्वतन्त्र पार्टीले उम्मेदवार बनाउन लागेको हो । खरेल काठमाडौं १ मा नेपाल सुशासन पार्टीबाट उम्मेदवार थिए ।

गत ४ मंसिरको निर्वाचनमा बारा २ मा प्रत्यक्षतर्फ तत्कालिन सत्ता गठबन्धन र जसपा-एमालेको विपक्षी मोर्चाबीच प्रतिस्पर्धा भएको थियो । सत्ता गठबन्धनबाट माओवादीका शिवचन्द्रप्रसाद कुशवाहा र विपक्षी गठबन्धन जसपाका रामसहायप्रसाद यादव उम्मेद्वार थिए । नजिकको प्रतिस्पर्धामा जसपाका यादवले माओवादीका कुशवाहालाई ३५४ मतान्तर हराएका थिए । यादवले १३८२२ र कुशवाहाले १३४६८ मत पाएका थिए । जसपाकै बागी उम्मेद्वार रामकिशोरप्रसाद यादवले ११ हजार ४३ मत ल्याउँदै तेस्रो बनेका थिए । रामकिशोर जसपा फर्किसकेका छन् ।

समानुपातिक मतपरिणामअनुसार भने जसपा पहिलो स्थानमा छ । जसपाको १३ हजार २४२, कांग्रेसको ११ हजार १७९, एमालेको नौ हजार १९३, जनमत पार्टीको आठ हजार ८४६, लोसपाको चार हजार २३५, नागरिक उन्मुक्तिको तीन हजार ७९४, माओवादीको तीन हजार २६५, नेपाल संघीय समाजवादी पार्टीको दुई हजार ३६६, एकीकृत समाजवादीको एक हजार ९९६, राष्ट्रिय स्वतन्त्र पार्टीको एक हजार ४५५ र राष्ट्रिय प्रजातन्त्र पार्टीको ९९२ मत आएको छ ।

### टीआरसीमा...

आपत्ति जनाएको छ । विधेयक प्रस्तुत गर्दै सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले आगामी दुई वर्षभित्र संक्रमणकालीन न्याय सम्बन्धी कार्यको टुंगो लगाउने सरकारको चाहना रहेको बताइन् । विधेयकमा पनि सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको अवधि २ वर्ष तोकिएको छ ।

तर यतिका वर्षमा नटुंगिएको काम २ वर्षमा हुन्छ भन्ने प्रश्न एमालेले उठाएको छ । एमालेको प्रश्न छ, '६० हजार उजुरी छ । ८ वर्षमा कति उजुरी फर्छ्योट गर्न सक्यौं ? दुई वर्षमा ६० हजार उजुरीको छानबिन हुन्छ ?'

दुबै आयोगको कार्यकाल दुई वर्षको अवधि राखेर टालटुल पारेर सिद्धियो भन्न खोजिएको त होइन भक्न्ने आशंका गर्दै एमाले सांसद पन्तले भने, 'सत्य अन्वेषण गर्नुपर्‍यो, यथार्थ पत्ता लगाउनुपर्‍यो, परिपूरण गर्नेहरुलाई दिनुपर्‍यो । क्षतिपूर्ति दिनेलाई दिनुपर्‍यो । दण्डित गर्नेहलाई दण्डित गर्नुपर्‍यो ।'

'द्वन्द्वको काँडाहरुको मात्रै कुरा गरेर हुँदैन । अब हामीले द्वन्द्वको फूलहरुको पनि कुरा गर्नुपर्छ, द्वन्द्वबाट हामीले यो समाजलाई रुपान्तरण गरेका छौं द्वन्द्वको एउटा शाश्वत नियम भनेको त्यो व्यवस्थापन भन्दा पनि रुपान्तरण हुनुपर्छ । त्यो द्वन्द्व रुपान्तरण गरिरहँदा त्यसकै जगमा हामीले समावेशीता पाएका छौं । संघीय लोकतान्त्रिक गणतन्त्र पाएका छौं ।'

राष्ट्रिय मानव अधिकार आयोग, द्वन्द्वका पीडितहरुले प्रस्तावित विधेयकप्रति प्रश्न उठाएको भन्दै प्रमुख प्रतिपक्षी एमालेले विधेयक एक पक्षीय भएको बताएको छ ।

'बेपत्ता पारिएका व्यक्तिका परिवार, मानवअधिकारवादी व्यक्ति, संघ/संस्था र स्वयम पीडितहरुको समेत यस विधेयकका बिभिन्न बुँदाहरुप्रति सार्वजनिक रुपमा असहमति देखा परेको छ', एमाले सांसद पन्तले भने, 'सुरक्षाका सयन्त्रमा काम गर्दा विद्रोही पक्षबाट मारिएका वा सताइएका परिवारका सदस्यहरु पनि यो विधेयक एकपक्षीय र असन्तुलित रहेको विचार व्यक्त गरिरहेका छन् ।'

प्रस्तावित विधेयक पारित भयो भने कसैमाथि पनि मुद्दा चल्दैन भनी कतिपय मानव अधिकारकर्मीले भनेको उनले सुनाए । एमाले सांसद पन्तले भने, 'विधेयकको मस्यौदा एकपक्षीय देखिन्छ । विद्रोही पक्षलाई मात्रै जोगाउने, उनीहरुका आपराधिक क्रियाकलाप र जघन्य अपराधलाई लुकाउने र अन्य पक्षलाई प्रताडित गर्न सक्ने आधार जस्ताको तस्तै पास भएमा यो आधार खडा गर्छ ।'

एमालेले संक्रमणकालीन न्यायको टुंगो लगाउनुपर्ने पक्षमा आफूहरु रहेको बताएको छ । बरु सरकार नै दिगो समाधानका लागि तयार भएकोमा उसको आशंका छ ।

'यो विधेयक साँचो समाधान, दीर्घकालीन समाधान गर्नको लागि हो कि टालटुल गरेर झारा टार्नको लागि मात्रै हो भन्ने प्रश्न खडा भएको छ' एमाले सांसद पन्त भन्छन्, 'साच्चै समाधान गर्ने ढंगले यो विधेयकलाई संशोधन गर्न सकेनौं भने थप द्वन्द्वको सिर्जना गर्नसक्छ । थप असन्तुष्टिको सिर्जना गर्न सक्छ ।'

आफूहरुले संक्रमणकालीन न्यायको विवाद सधैंका लागि समाधान चाहेको उनले बताए । त्यसका लागि राजनीतिक इच्छाशक्ति चाहिने उनको राय छ । 'यति समयसम्म यो समस्या किन समाधान भएन ? समाधान नहुनुको कारण के ? मलाई लाग्छ- समाधान नहुनुको कारण राजनीतिक इच्छाशक्ति नहुनु हो', सांसद पन्त भन्छन्, 'निश्चित मानिसलाई जोगाउन खोज्ने चाहना हो ।'

संक्रमणकालीन न्यायको विषयलाई टुंगोमा पुर्याउन चाहेको हो भने त्यसका लागि दुई वटा कार्य गर्न सरकारलाई प्रमुख प्रतिपक्षी एमालेको सुझाव छ ।

एउटा - सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले पर्याप्त सहयोग पाओस् ।

'विगतमा आयोगका बसेका पदाधिकारीहरुले 'सरकारले सहयोग गरेन' भनेर भनेका छन् । भविष्यमा त्यस्तो हुँदैन भन्ने के आधार छ ?' एमाले सांसद पन्तको प्रश्न छ ।

अर्को - द्वन्द्वकालीन न्यायका विषयमा विगतमा सर्वोच्च अदालतले दिएको मार्गदर्शन नभुल्न एमालेको सुझाव छ । एमाले सांसद पन्त भन्छन्, 'सर्वोच्च अदालतले जघन्य अपराधमा माफी हुँदैन है भनेर गरेको फैसलाको नजीर विरुद्ध पनि (कतिपय प्रावधान) छ । त्यस्तो नजीरहरु विरुद्ध प्रावधानहरु राख्न मिल्छ ?' प्रस्तावित विधेयक सबैलाई स्वीकार्य बनाउन नसकिए दिगो समाधान दिन नसक्ने उल्लेख गर्दै उनले भने, 'हतारोमा काम नगरौं ।'

यी सबै विषयमा ख्याल गरेर मात्रै दिगो शान्ति कायम हुने गरी सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन पास गर्ने पक्षमा आफ्नो पार्टी रहेको बताउँछन् एमाले संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङ ।

'एमाले सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन संशोधन विधेयक पास गर्नुपर्छ भन्ने चाहन्छ । तर अहिले भनेजस्तो 'फास्ट ट्र्याक'बाट होइन', उनले भनेका छन्, 'संक्रमणकालीन न्यायसँग जोडिएको अत्यन्त महत्वपूर्ण विषय भएकाले समितिमा लैजानुपर्छ ।'

तर, सत्तारुढ दलहरु सदनमै छलफल गरेर संक्रमणकालीन न्याय सम्बन्धी विधेयक पास गर्ने तयारीमा छन् ।

### मलेसियामा...

भित्र्याउने विषयमा राजनीतिक क्षेत्रले फराकिलो इच्छाशक्ति देखाउनुपर्ने भन्दै मलेसियाको अध्यागमन कानूनअनुसार रोजगारदाताले विदेशबाट कामदार आपूर्ति गर्न पाउनुपर्ने माग गरे ।

उनले निर्णय गर्नुअघि उद्योगी व्यवसायीसँग पर्याप्त छलफलसमेत नगरिएको भन्दै अध्यागमनमा कलिङ भिसा प्रक्रियामा भइरहेको ढिलाइले रोजगारदाताहरूले समयमा विदेशी कामदार ल्याउन नसकेको अवस्थामा नयाँ एप्रुभल रोक्नु आश्चर्यजनक भएको बताए । त्यसैगरी उनले कतिपय श्रोत मुलुकमा कामदार भर्ना तथा छनोट प्रक्रियामा विभिन्न प्रकारका समस्या रहेको उल्लेख गरे ।

मलेसियाको सरकारी सञ्चारमाध्यम बेर्नामासँगको कुराकानीमा उनले भनेका छन्, 'श्रमिकका लागि यी कोटा स्वीकृतिहरू १८ महिनाको अवधिका लागि मान्य छन् भनी सरकारले स्वीकार गर्नुपर्छ । केडिएनले रोजगारदाताहरूलाई कामदारहरू ल्याउन आवश्यक समय दिन्छ। कहिलेकाहीँ उत्पादन आवश्यकताहरू परिवर्तनशील हुन्छन्, त्यसलाई पूरा गर्न समय लाग्छ ।'

मलेसियाको मानव संशाधन मन्त्रालयले विदेशी कामदार ल्याउने योजना तत्काल शुरू गरिहाल्न र विदेशी कामदार भर्ती गर्ने प्रक्रियालाई तीव्रता दिन आग्रह गरेको छ । मलेसियाका रोजगारदाताले कोटा स्वीकृत गराएर नेपालसहित विभिन्न श्रोत मुलुकका एजेन्सीसँग रकम उठाउने तर कामदार लैजान ढिलासुस्ती गर्ने गरेका कारणले स्वीकृत कोटाअनुसार विदेशी कामदार मलेसिया नगएको सरकारीसहित कतिपय निजी क्षेत्रको आंकलन रहेको छ ।

मन्त्री शिवकुमारले स्वीकृत कोटामा विदेशी कामदार गएपछि अवस्थाको मूल्यांकन गरी आवश्यकताअनुसार नयाँ कोटाको स्वीकृति खुलाउने बताएका छन् । मलेसिया सरकारले गत जनवरी १७ देखि मार्च ३१ सम्मका लागि विदेशी श्रमिक भर्तीलाई खुकुलो पार्ने योजना 'पीकेपीपीए' ल्याएको थियो । तर करिब दश लाख एप्रुभल दिएको भन्दै तोकिएको अवधि सकिनुअगावै मार्च १८ देखि नै विदेशी श्रमिकको लागि निवेदन लिन र स्वीकृति दिन स्थगित गरेको हो ।

मलेसियाको निजी क्षेत्रले सरकारी निर्णयले मलेसियामा कम दक्षता भएका विदेशी कामदार चाहिने नयाँ उद्योगहरूलाई प्रत्यक्ष नकारात्मक असर पार्नेसमेत बताएको छ । फेडरेशनका प्रेसिडेन्ट लि भन्छन्, 'उत्पादन प्रक्रियालाई निरन्तर प्रक्रियामा चल्न दिन मन्त्रालयले लिएको नीतिमा तत्काल परिवर्तन गर्न आवश्यक छ, हामी आग्रह गर्दछौं, अव्यवहारिक निर्णय परिवर्तन नभए मलेसियाको अर्थतन्त्रले समस्या झेल्नुपर्ने छ ।'

### वैदेशिक...

लागिपर्ने बताए । 'अर्थतन्त्रमा रेमिट्यान्समा महत्वपूर्ण योगदान पुऱ्याउने वैदेशिक रोजगारीमा जाने नेपालीले सम्मान र इज्जतका साथ विश्वबजारमा आफ्नो श्रम प्रयोग गर्नसक्ने वातावरण सिर्जना गर्ने मेरो पहिलो प्रयास हुनेछ,' उनले भने ।

विभिन्न देशमा रोजगारीका लागि गैरकानुनी ढंगले जाने अवस्था सिर्जना भइरहेको भन्दै उनले यसले उक्त देशसँग दौत्य सम्बन्ध स्थापित गरी सहज बनाउने बताए । मन्त्री भण्डारीले वैदेशिक रोजगारीमा हुने ठगी, गैरकानुनी कामको अन्त्य गर्दै श्रमिकको हकहितका लागि काम गर्ने सम्मानित मन्त्रालयका रुपमा अगाडि बढाउन आफू लागिपर्ने उल्लेख गरे । जनताले अनुमोदन गरेको गठबन्धनको सरकार बनेको भन्दै यो स्थायी र दीर्घकालसम्म जाने दाबी पनि मन्त्री भण्डारीको छ ।

त्यस अवसरमा मन्त्री भण्डारीले नेपाली कांग्रेसका संस्थापक नेता तथा पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको पूर्णकदको सालिकमा माल्यार्पण गरे । मन्त्री भण्डारीलाई आश्रमकी सञ्चालिका अमृता कपालीले आश्रमको गतिविधिबारे जानकारी गराएकी थिइन् ।

### मिटरब्याज...

संरचना रहनेछ । 'मिटरब्याज पीडितका नियमितरुपमा आउने उजुरी/गुनासोलाई सम्बोधनको लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्लास्थित नेपाल प्रहरी, सरकारी वकिल, मालपोत, नापी कार्यालयका प्रमुख, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि र मिटरब्याज पीडितको प्रतिनिधिसमेत रहने गरी जिल्लास्तरीय समन्वय/सहजीकरण समिति गठन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने' भनिएको छ ।

सहमतिपत्रमा मिटरब्याज अपराध नियन्त्रण सिफारिस कार्यदलको २०७९ भदौ २७ को प्रतिवेदनमा उल्लेखित सिफारिस शीघ्र एवं प्रभावकारी कार्यान्वयनको लागि सम्बद्ध निकायसँग आवश्यक समन्वय र सहजीकरण गर्ने विषय उल्लेख गरिएको छ । मन्त्रिपरिषद्को आगामी बैठकबाट मिटरब्याज पीडितबारे जाँचबुझ आयोग ऐन, २०२६ बमोजिमको आयोग गठन गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्ने भनिएको छ ।

पीडितबाट उजुरी तथा गुनासो संकलन गर्ने, प्रमाण जुटाउन सहयोग गर्ने, निःशुल्क कानुनी सहायता तथा सचेतनाका काम गर्ने पनि भनिएको छ। मिटरब्याजसम्बन्धी कार्यलाई कसुर कायम गर्ने गरी सम्बन्धित कानुनमा संशोधन प्रक्रिया अगाडि बढेकोले उक्त संशोधन प्रक्रियालाई शीघ्र निष्कर्षमा पुऱ्याउन नेपाल सरकारले काम गर्ने भनिएको छ ।

**श्री मर्काउर्रा सामुदायिक वन उपभोक्ता समूह**
**बर्दीवास न.पा.-३ महोत्तरी**
**गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति : २०७९/१२/१९**

मर्काउर्रा सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको हाता भित्र घाटगद्दीमा लट बनाई राखिएको साल जातको १८०४.६४ घन फिट गोलिया काठ समेत जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । कालो सूचीमा नपरेका ईच्छुक काठ, दाउरामा आधारित दर्ता, नविकरण तथा नियमानुसार सूचीकृत भएका उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले एक्काईसौं दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै बोलपत्र खरिद गरी बाईसौं दिन शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**सडक पूर्वाधार विकास कार्यालय**
**तम्घास, गुल्मी**

**प्राविधिक प्रस्ताव स्वीकृत/आर्थिक प्रस्ताव खोल्ने सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०७९।१२।१९)**

यस कार्यालयबाट मिति २०७९।१०।०३ गते सौर्य दैनिकमा प्रकाशित सूचना अनुसार देहाय कार्यका लागि निर्धारित मिति भित्र दर्ता भएका बोलपत्रपत्रहरु खोली प्राविधिक प्रस्ताव मुल्याङ्कन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भई सफल भएको हुंदा सार्वजनिक खरिद नियमावली २०६४ को (दशौं संसोधन) को नियम ३१ (ङ) को उपनियम ५ बमोजिम तपशिलको मिति स्थान र समयमा आर्थिक प्रस्ताव खोल्ने गरि प्राविधिक प्रस्ताव स्विकृतिको छनौट भएको सूचना सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| Description of Works | Contract ID | Name & Address of Successful Bidder | Opening Date, Time & Venue |
|---|---|---|---|
| Jumung Khola / Dalli Khola Bridge Construction, (Along Balithum-Majuwa Road, Gulmidarbar Ga.Pa.01 & 02) | RIDO/GUL/W/NCB/BRIDGE/71/079-80 | M/S Jeevan Construction-Western Popular JV, Tamghas-09, Gulmi | Date : 2079/12/26 Time: 11:00 AM Venue: RIDO, Gulmi |
| | | M/S Rajesory Construction Pvt. Ltd., Gulmi | |

# औषधि नपाएर रित्तै फर्किन बाध्य बिरामी

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १८ चैत

जिल्ला अस्पताल हुम्लामा औषधि अभाव हुँदा समस्या भएको छ । विगत तीन महिनादेखि औषधि अभाव हुँदा जटिल रोगका बिरामीको उपचारमा समस्या भएको अस्पतालले जनाएको छ ।

अस्पतालमा ९८ प्रकारका औषधि हुनुपर्नेमा हाल २५ प्रकारका मात्र औषधि रहेका जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख प्रेम सिंहले बताए । 'जिल्ला अस्पतालको औषधि स्टोर कक्ष तीन महिनादेखि रित्तै छ । प्रदेश सरकारले खरिद प्रक्रियामा ढिलाइ गर्दा औषधि अभाव भएको हो', उनले भने । प्रमुख सिंहकाअनुसार उपचार गर्न आउने अधिकांश बिरामी औषधि नपाएर रित्तै फर्किने गरेका छन् । सिमकोट र नाम्खा गाउँपालिकास्थित स्वास्थ्य चौकीबाट सापटी मागेर बिरामीको




उपचार गर्नु परेको उनको भनाइ छ । प्रदेश सरकारलाई औषधि अभावबारे पटक-पटक जानकारी गराएको भएपनि हालसम्म सुनुवाइ नभएको प्रमुख सिंहले बताए । दुई-तीन पटक मन्त्रालयमा गएर यसबारे जानकारी गराउँदा पनि सुनुवाइ नभएको उनको भनाइ छ । पन्ध्र शय्याको जिल्ला अस्पतालमा यसबाट बिरामी मारमा परेका छन् ।

**सापट मागेर उपचार**

केही दिनअघि विष सेवन गरेका सिमकोट गाउँपालिका-१ का वीर भण्डारीलाई उपचारका लागि जिल्ला अस्पताल ल्याइएको थियो । औषधि अभावका कारण सामान्य उपचार गरी नेपालगञ्ज पठाइएको अस्पतालले जनाएको छ । अस्पतालमा अभाव भएपछि बिरामीले निजी क्लिनिकबाट औषधि किन्नुपर्ने बाध्यता रहेको खार्पुनाथ गाउँपालिका-४ का प्रजित रोकायाले बताए । यस्तै श्रीमतीको उपचार गर्न जिल्ला अस्पताल आएका सर्केगाड गाउँपालिका-२ का मनसिंह कार्की पनि निजी क्लिनिकबाट महँगोमा औषधि किन्नु परेको बताउँछन् ।

**रुघाखोकीका बिरामी बढ्दै**

जिल्ला अस्पतालमा रुघाखोकी र श्वासप्रश्वासका बिरामीको संख्या बढ्न थालेको छ । मौसममा एक्कासी आएको परिवर्तनका कारण बिरामी दैनिक बढिरहेका अस्पतालका सिनियर अनमी सरीता बोहराले बताइन् ।

'दैनिक ८० देखि ९० सम्म बिरामी उपचारका लागि आउने गरेका छन् । जटिल प्रकृतिका बिमारीलाई भर्ना गरेर राख्नुपर्ने भए पनि शय्याको अभाव हुन थालेको छ', उनले भनिन् । संख्या बढेपछि भुइँमा राखेर बिरामीको उपचार गर्नुपरिरहेको बोहराले बताइन् । प्रदेश सरकारबाट उपलब्ध रू.१० लाख बराबरको औषधि दुई महिनाभन्दा बढी समयलाई नपुग्ने अस्पतालका स्टोरकिपर मनिकृष्ण जैसीले बताए । बजेट अभावका कारण औषधि खरिद गर्न नसकिएको उनले बताए ।

## नेवाः देयः दबू बाँकेको अध्यक्षमा बद्रीप्रसाद श्रेष्ठ

**मध्यान्ह संवाददाता**
नेपालगन्ज, १८ चैत

नेवाः देयः दबू बाँकेको दोस्रो अधिवेशन तथा तेस्रो साधारण सभाबाट बद्रीप्रसाद श्रेष्ठ अध्यक्ष पदमा निर्विरोध निर्वाचित भएका छन् । आगामी तीन वर्षका लागि शनिबार सम्पन्न निर्वाचनमा श्रेष्ठको अध्यक्षतामा २९ सदस्यीय जिल्ला कार्यसमिति चयन गरिएको छ । निर्वाचन समितिका संयोजक पूर्ण लाल चुकेकाअनुसार नवनिर्वाचित कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा पदम श्रेष्ठ, उपाध्यक्ष खुल्लातर्फ भीमलाल श्रेष्ठ, महिला उपाध्यक्षमा साधना श्रेष्ठ, सचिवमा विकल श्रेष्ठ, महिला सचिवमा अधिवक्ता पुनम श्रेष्ठ र कोषाध्यक्षमा राजेश मास्के निर्वाचित भएका छन् ।

त्यसैगरी कार्यसमिति सदस्यहरुमा आनन्दबहादुर कर्माचार्य, जीवन श्रेष्ठ, विकास बज्राचार्य, नरेन्द्र श्रेष्ठ, विष्णुप्रसाद कक्षपति, विष्णु श्रेष्ठ, चन्द्रशेखर श्रेष्ठ, सरोजकुमार श्रेष्ठ, कुलदीप श्रेष्ठ, विष्णुकुमारी श्रेष्ठ, ज्ञानु श्रेष्ठ, मुकेश नकर्मी, विद्यामान राजभण्डारी, निरन्जन राजभण्डारी, विनय श्रेष्ठ, पुकार श्रेष्ठ, सुरेन्द्र कुमार श्रेष्ठ, अमर विरही श्रेष्ठ, रघुनाथ श्रेष्ठ, सरिता श्रेष्ठ र अम्बिका श्रेष्ठ निर्वाचित भएका छन् । नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई नेवाः देयः दबूका केन्द्रीय उपाध्यक्ष चन्द्रलाल राजभण्डारीले शपथग्रहण गराएका थिए भने निर्वाचन समितिका संयोजक चुकेले प्रमाण पत्र प्रदान गरेका थिए ।

नेवारी भाषा, कला, संस्कृतिको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने प्रमुख उद्देश्यका साथ स्थापित नेवार हरुको साझा छाता संगठन नेवाः देयः दबू बाँकेका संस्थापक अध्यक्ष कृष्णप्रसाद श्रेष्ठको अध्यक्षतामा शनिबार सम्पन्न दोस्रो अधिवेशन तथा तेस्रो साधारण सभाको प्रमुख अतिथि नेवाः देयः दबूका केन्द्रीय वरिष्ठ उपाध्यक्ष चन्द्रलाल राजभण्डारीले उद्घाटन गरेका थिए । सो अवसरमा नेवाः देयः दबूका लुम्बिनी प्रदेशका उपाध्यक्ष विजुला श्रेष्ठ, नेवाः पुच बाँकेका संस्थापक अध्यक्ष बद्रीप्रसाद श्रेष्ठ, नेवाः पुच बाँकेका पार्षद् पूर्णलाल चुकेलगायतले नेवारी भाषा, कला, संस्कृतिको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्नुपर्नेमा जोड दिएका थिए ।

## परीक्षण खेतीका लागि कागजी बदामको बिरुवा वितरण



**हुम्ला/मस–** हिमाली जिल्ला हुम्लाको सिमकोट गाउँपालिका कृषि शाखाले परीक्षण खेती गर्नका लागि किसानलाई अनुदानमा कागजी बदामका बिरुवा वितरण गरेको छ । सो बदाम तीन हजार दुई सय मिटर उचाईमा फल्ने भएको कारण गाउँपालिकाको कृषि शाखाले परीक्षणकै लागि बिरुवा वितरण गरेको हो । कृषि शाखाका प्रमुख नेत्रबहादुर शाहीले पहिलो पटक परीक्षण खेतीका लागि कागजी बदामका (अल्मोण्ड) बिरुवा किसानलाई वितरण गरिएको जानकारी दिए । शाखाबाट गाउँपालिका वडा २ को ठेहे, वडा ४ को बुराउसे र हिल्दुम र वडा ७ को डाँडाफयाका १५ जना किसानलाई बिरुवा वितरण गरिएको प्रमुख शाहीले बताए ।

शाखाले तीन सय बोट कागजी र बदाम रामेछाप जिल्लाबाट खरिद गरेर ल्याएको हो । प्रति किसान २० बोट बिरूवा वितरण गरिएको छ । शाखाबाट लगिएका बिरुवा किसानहरुले रोपिसकेका छन् । परीक्षण खेती सफल भए उक्त बदामका बोटले पाँचदेखि ६ वर्षमा फल दिन शुरू गर्नेछन् । दुई हजार चार सय मिटरदेखि तीन हजार दुई यस मिटर उचाईसम्म यसको खेती गरिन्छ । चिसापानी भएको ठाउँमा हुने भएकाले हुम्लामा पनि यस खेती राम्रो हुने विश्वास शाखाले लिएको छ ।

---

**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
## संघीय आयोजना कार्यान्वयन इकाई, सुर्खेत

### वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः– २०७९/१२/१९**

शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई, सुर्खेतबाट मिति क्रमशः आर्थिक राष्ट्रिय दैनिक २०७९/१०/२० र हिमालय टायम्स राष्ट्रिय दैनिक २०७९/११/१८ गते प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता भएका बोलपत्रदाताहरु मध्ये मूल्याङ्कन समितिको निर्णय अनुसार तालिकामा उल्लेखित बोलपत्रदाताको बोलपत्र सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा स्वीकृतिको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र नं. | कामको नाम | बोलपत्र दाताको नाम | कबोल अंक रु (मु.अ.कर सहित) |
|---|---|---|---|
| FPIU/Surkhet/Work/ NCB-37/2079/80 | सल्यान जिल्ला शारदा नगरपालिकामा शहरी पूर्वाधार विकास गर्ने कार्य । | सुर्य हिमाल निर्माण सेवा, दैलेख | ५५,६०,०४६।२७ |
| FPIU/Surkhet/Work/ NCB-38/2079/80 | सल्यान जिल्ला शारदा न.पा. ४ साहुटोलदेखि नेत्रलाल अमागि प्राविधिक शिक्षालय जाने सडक स्तरोन्नती कार्य । | शुरभी कस्ट्रक्सन शारदा, २ सल्यान | ६०,२१,७०७।२८ |
| FPIU/Surkhet/Work/ NCB-10/2079/80 | राप्ति एफ एम-खरकट्टी- पत्रकार महासंघ भवन- क्यान कार्यालय रोड स्तर उन्नति कार्य शारदा नगरपालिका २ सल्यान । | गोमा विल्डर्स, काठमाडौं | ६९,८३,६६४।४६ |

**आयोजना प्रमुख**

---

## INVITATION FOR SEALED QUATATION

**Malikarjun Rural Municipality**
**Office Of Rural Municipal Executive**
**Shankarpur,Darchula**
**Contract Identification No: MRM/SQ/03-2079/080**
**Date of publication: April-2,2023**

1. The Malikarjun Rural Municipality Office invites sealed quotations for the Procurement of Medicine For Chronic Dieses Patients. The estimated amount is Rs.15,00,000 Rupees.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Name-Malikarjun Rural Municipality Office, Location- Malikarjun RM-8, Shankapur darchula, sudurpaschim province Nepal mailing address-mrmdarchula@gmail.com, Contact No.-9851215869.
3. A complete set of Bidding Documents may be purchased from the office Malikarjun Rural Municipality shankarpur Darchula office by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 .

   "Bidders should deposit the cost of bidding document fee in the following account

   Name of the Bank: Machhapuchhre Bank Limited — Name of Acount: Malikarjun Rural Municipality

   Office Code no. :80773505300 — Office Account no.: 0890067449600115
4. Sealed bids must be purchase from the office of Malikarjun Rural Municipality shankarpur,darchula through hard copy on or before 5:00 on April -16,2023 Bids received after this deadline will be rejected.
5. Sealed bids must be submitted to the office of Malikarjun Rural Municipality shankarpur,darchula through hard copy on or before 12:00 on April -17,2023 bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 on April -17,2023 at the office of Malikarjun Rural Municipality, Shankarpur, Darchula. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of Rs.40,000 Rupees, which shall be valid for 30 days beyond the validity period of the bid.

   Bidders, should deposit the bid security amount in the following account

   Name of the Bank: Machhapuchhre Bank Limited — Name of Account :Malikarjun Rural Municipality

   Office Code no. :80773505300 — Office Account no.: 0890067449600039
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quatations without assigning any reason, whatsoever.

**मलेसियामा रोजगार** | १. कम्पनीः 68 FRESH MART SDN BHD
शहरः MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/१२/१८ चलानी नं.: ६०१९९२०५ L.T. No.: 283728

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shelf filler | 4 | 0 | स. काममा दक्ष | 1500 | ४४,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत २६ गते (9 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Santi Overseas Pvt. Ltd.**
Gov. Lic. No.: 1495/074/075
Maharajgunj, Chakrapath-4, Chundevi, Kathmandu | Tel: 015910769, Mob. No.: 9802343957
E-mail : overseassanti1495@gmail.com | www.SantiOverseas.com

**BAHRAIN मा रोजगारको अवसर** | कम्पनी : ERA CONSTRUCTION
शहरः Bahrain

पूर्व स्वीकृत मितिः २०७८/०५/३१ चलानी नं.: ६०१६३१७९ L.T. No.: 245615 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 9 | 0 | स. काममा दक्ष | 100 | ३४,८६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत २६ गते (9 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SUGAM OVERSEAS PVT. LTD.
**सुगम ओभरसिज प्रा. लि.**
इजाजत पत्र नं. ८३८/०६६/०६७
सामाखुसी (रिङरोड), काठमाडौं Tel: 4986106,4987183 Mobile: 9841596513, 9813492755
Email: info.sugam@gmail.com | Web: www.sugamoverseas.cm

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.oscegmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!



TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१९ चैत २०७९, आइतबार
2 April 2023, Sunday

## सम्पादकीय

# उपचुनावले दिनुपर्ने सन्देश

आगामी १० वैशाखमा हुने उपनिर्वाचनका लागि राजनीतिक दलहरूभित्र र बाहिर उत्तिकै चासो बढेको छ । प्रमुख दलहरूले उम्मेद्वार लगभग चयन गरिसकेका छन् । प्रमुख विपक्षी दल नेकपा एमालेले शनिबार चितवन-२ र तनहुँ-१ को उम्मेद्वार टुंग्याएको छ भने बारा-२ को उम्मेद्वारबारे थप छलफल गर्ने जनाएको छ । शनिबारको निर्णय अनुसार, चितवन-२ मा रामप्रसाद न्यौपाने र तनहुँ-१ मा सर्वेन्द्रनाथ शुक्ल उम्मेद्वार हुनेछन् । तनहुँ-२ मा सत्तारूढ गठबन्धनबाट पनि उम्मेद्वार लगभग टुंगिएको छ । त्यहाँ कांग्रेसका गोविन्द भट्टराई उम्मेद्वार हुनेछन् । भट्टराईले टिकट पाउने निश्चित भएपछि अर्थशास्त्री डा. स्वर्णिम वाग्लेले कांग्रेस छोड्ने निर्णय लिए । वाग्ले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को घण्टी चिन्हबाट उम्मेद्वार बन्ने लगभग निश्चित छ । त्यसैले रामचन्द्र पौडेल राष्ट्रपति बनेपछि रिक्त यो क्षेत्रको उपनिर्वाचन आमचासोमा परेको हो ।

चितवन-२ मा रास्वपाका सभापति रवि लामिछाने उम्मेद्वार हुने भएकाले धेरै चर्चामा छ । गत मंसिरको चुनावमा पनि लामिछानेले जितेका थिए । तर नागरिकता विवादमा सर्वोच्च अदालतले पदमुक्त गर्ने फैसला सुनाएकाले उपनिर्वाचन हुँदैछ । यी दुई भन्दा बढी चासोको केन्द्रमा बारा-२ देखिएको छ । त्यसको कारण भने अहिलेको राष्ट्रिय राजनीतिकै कोर्समा हलचल ल्याउनेगरी यो क्षेत्र रिक्त हुने परिस्थिति सिर्जना हुनु हो । जनता समाजवादी पार्टी (जसपा) का नेता रामसहायप्रसाद यादव यो क्षेत्रबाट गत चुनावमा जितेका थिए । तर सप्तरी-२ बाट पराजित भएका जसपा अध्यक्ष उपेन्द्र यादवलाई संसदमा ल्याउनकै लागि रामसहायलाई उपराष्ट्रपति बनाइयो । राष्ट्रपति र उपराष्ट्रपति दुवै पुरूष भएकोमा चर्को आलोचना खेपेर पनि यहाँ उपचुनावको बातावरण सत्तारूढ दलहरूले सिर्जना गरे ।

यसरी आमचुनाव सकिएको पाँच महिनाभित्रै उपनिर्वाचनको जबर्जस्त माहोल निर्माण हुन पुगेको छ । र दलहरूले भने यसअघि चुनावमा पराजित भएका, सर्वोच्च अदालतले पदमुक्त गरिदिएका जस्ता पात्रलाई तत्काल संसद ल्याउने अवसरका रूपमा उपयोग गरेको देखिन्छ । भलै, यी क्षेत्रहरूबाट कसलाई संसदमा पठाउने भन्ने निर्णय त्यहीका मतदाताले गर्ने हो । तर अहिले केही व्यक्तिको जसरी पनि संसदमा आउने चाहना पूर्ति गर्न हतारमा उपचुनाव र त्यो चुनावमा गठबन्धनको प्रयत्न गरिदैछ, यसले लोकतन्त्रलाई समृद्ध बनाउँदैन । किनकि प्राविधिक रूपमा चुनाव हारेका व्यक्ति फेरि उम्मेद्वार बन्न पाएपनि राजनीतिक सन्देश भनेको एकपटक पराजयको अर्थ पाँच वर्ष कुर्ने भन्ने नै हो ।


# सेतो मत्स्येन्द्रनाथ र काठमाडौं उपत्यका

धर्म-संस्कृति



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

पाटनका रातो मत्स्येन्द्रनाथ र भोटोजात्राका बारे हामीले धेरै देखे सुनेका छौं । ललितपुर र काठमाडौंमा गरी दुई मत्स्येन्द्रनाथ छन् । काठमाडौं मच्छेन्द्रबहालमा सेतो मत्स्येन्द्रनाथ रहेका छन् । वर्षमा दुई पल्ट गरिने यिनको जात्रा पौष शुक्ल अष्टमी र चैत्र शुक्ल अष्टमीदेखि आरम्भ हुन्छ । हिन्दु अनुयायीहरुले यी देवतालाई भगवान भोलेबाबा दीक्षित भन्ने गर्छन् भने बौद्धमार्गीहरुले यिनलाई आर्यावलोकितेश्वर, करुणामय करुणासागर भनौं सम्पूर्ण जीवात्माका रक्षकका रूपमा लिन्छन् । काठमाडौंको मुटु असन इन्द्रचोकको बीच रहेको कलात्मक मन्दिरमा करिब तीन हात उचाइको भगवानको मूर्ति रहेको छ । मन्दिर पित्तल धातुले बनेको दुई तले छ र धेरै फराकिलो छ, अन्य मन्दिरहरुभन्दा विशेषरूपको छ यो । मन्दिरको पूर्वतिर कलात्मक डबली छ ।



चैत्र शुक्ल अष्टमीका दिन त्यहाँका पुजारीले भगवानको पुराना कपडा फुकालिदिन्छन्, भगवानलाई महास्नान गराउँछन् । बाजागाजाका साथ धूमधामरूपमा नयाँ पहिरन, गरगहना लगाइदिन्छन् । मूर्तिलाई बाहिर डबलीमा राखी विशेष आराधना गर्छन्, श्रृंगारसहितका मत्स्येन्द्रनाथको दर्शन गर्ने भक्तहरुको ठूलो भीड हुन्छ । पूर्णकदका भगवान मत्स्येन्द्रनाथसँगै रहेका हरिततारा र श्वेततारको पनि पूजा, दर्शन गर्ने चलन रहेको छ । एक सातासम्म भगवानलाई बजार परिक्रमा गराउने क्रममा जमलमा रथ तयार गरिएको हुन्छ भने खटमा राखी भक्तहरु सहित देवतालाई जमल पुऱ्याइन्छ । जमलमा रथारोहण गराई असन, इन्द्रचोक, लगन, मच्छेन्द्रबहाल, हनुमानढोका क्षेत्रमा परिक्रमा गराइन्छ । काठमाडौंका नेवारहरुले भगवानलाई साँझपख योमरी अर्पण गर्छन् भने आफन्त इष्ट मित्रहरुलाई निम्तो दिएर भोज गर्ने चलन छ । भगवानलाई भोजन प्रसाद जति धेरै अर्पण गरियो त्यति धेरै आशीर्वाद पाइने मान्यता रहेको देखिन्छ । भक्तहरुले ध्वजा पता श्रृंगार अर्पण गर्दछन् ।

सेतो मत्स्येन्द्रनाथलाई जमलेश्वरका रूपमा पनि चिनिन्छ । करिब दुई हजार वर्ष पहिले जमलमा रहेको एक पोखरीमा सेतो मूर्ति फेला परेको र सो मूर्तिबारे तत्कालीन राजा समक्ष जाहेर भएपछि राजाले विशेष पूजा चलाउने आदेश दिएर यसको पूजा जात्रा परम्परा शुरु भएको हो । राजालाई सपनामा सेतो मत्स्येन्द्रनाथको नामकरण गर्न भनिएअनुसार नामकरण भएको जनश्रुति रहेको छ । अग्लो रथारोहण गराउँदै भगवानलाई पहिलो दिन असन, दोस्रो दिन हनुमानढोका, तेस्रो दिन लगनटोल र चौथो दिन जनबहाल पुऱ्याइन्छ । पछि पुजारीहरुले बोकेर मच्छेन्द्रबहाल लग्छन्, करिब एक सातामा यो जात्रा सकिन्छ ।

संसारमै एकमात्र हिन्दु बाहुल्यक्षेत्र नेपाल बौद्धमार्गीहरुका लागि पनि केन्द्रबिन्दु नै हो । पशुपतिनाथको पूजा अर्चना गर्दा बुद्धको विशेष मुकुट पहिऱ्याउने चलन छ । काठमाडौं उपत्यकामा प्रसिद्ध स्वयम्भू स्तुपा र बौद्धनाथको स्तुपा रहेको छ । अशोकको नामसँग सम्बद्ध चारुमती चाबहिल क्षेत्रमा पनि विशेष बौद्ध स्तुपा रहेको छ । बौद्ध सांस्कृतिक धेरै पर्वहरु छन् र बौद्धमार्गीहरुले दानलाई ज्यादै महत्व दिने गर्छन् । बुद्धिष्टहरुका लागि पञ्चदानको ठूलो महत्व छ । सबैभन्दा ठूलो दान भनेको सम्यक् महादान हो । काठमाडौंमा यस्तो महादानको पर्व हरेक १२ वर्षमा हुने गर्छ भने पाटनमा हरेक ५ वर्षमा र भक्तपुरमा हरेक वर्ष गर्ने गरिन्छ । पाटनमा मनाइने यस्तो दान पर्व फाल्गुन शुक्ल चतुर्थीमा गरिन्छ, सबैतिर एकै तिथि मितिमा हुँदैन । सम्यक् दान दाताको इच्छामा निर्भर हुने हुँदा यही नै स्थान भन्ने हुन्न, ठूलो खर्च लाग्ने हुँदा हिजोआज यो दानको क्रम घटदै आएको छ, दाताको कमीले पनि । कसैले दान नगरेमा काठमाडौंको वटु, इटुम्बहालका स्थानीयले खर्च जुटाई आलोपालो गर्ने गर्थे पहिले । यो परम्परा सधैं धान्न नसकिँदा १२ वर्षमा एकपल्ट गर्ने चलन चलेको हो । सम्यक् परम्परा भने

*सेतो मत्स्येन्द्रनाथलाई जमलेश्वरका रूपमा पनि चिनिन्छ । करिब दुई हजार वर्ष पहिले जमलमा रहेको एक पोखरीमा सेतो मूर्ति फेला परेको र सो मूर्तिबारे तत्कालीन राजा समक्ष जाहेर भएपछि राजाले विशेष पूजा चलाउने आदेश दिएर यसको पूजा जात्रा परम्परा शुरू भएको हो । राजालाई सपनामा सेतो मत्स्येन्द्रनाथको नामकरण गर्न भनिएअनुसार नामकरण भएको जनश्रुति रहेको छ ।*

बुद्धका बालसखा पाँच वर्षले कनिष्ठ बिम्बिसारले शुरु गरेको भनिन्छ । बौद्ध परम्परामा भिक्षुहरुलाई आमन्त्रण गर्नु, भोजन गराउनुलाई सम्यक दान भनिन्छ । यो ईशापूर्व छैठौं शताब्दीमा आरम्भ भएको अनुमान छ ।

सम्यक् दानको परम्परा छिमेकी भारतबाट शुरु भएपनि त्यहाँ यसले निरन्तरता पाउन सकेन र उत्तर चीन, तिब्बततिर प्रवेश पाई दीपँकर बुद्धसहित तेह्रौं शताब्दीदेखि नेपालमा प्रवेश पाएको बुझिन्छ । सम्यक् महादानका लागि प्रसिद्ध स्थान भनेको स्वयम्भू स्तुपाको तलतिर भूइँखेल भन्ने स्थान हो । यसका अतिरिक्त काठमाडौंको इटुम्बहाल, ओटु, ललितपुरको लगनखेल र भक्तपुर पनि हो । सम्यक् महादानमा आदि बुद्ध, भगवान बुद्ध, दीपँकर, बोधिसत्व, आर्यतारा, श्रामणेर, बज्राचार्य, भिक्षुआदि र सयभन्दा बढी देव देवीहरुलाई निम्त्याइएर तिनलाई दान, दक्षिणा, भोजन गराइन्छ । सम्यक् महादानमा देवताहरुका पूर्ण कदका पाँच फिट अग्ला मूर्तिहरु लहरै सजाएर राखिन्छ, हेर्दा त्यो विशाल खुल्ला संग्रहालय जस्तै देखिने गर्छ । दानवीरहरु थुप्रै हुन्छन्, दान खुलेरै गरिन्छ । साँझ भएपछि देवताप्रति क्षमा याचना गर्दै आशीर्वाद लिने दिने गरिन्छ ।

देवताहरुलाई विधिपूर्वक विदा गराइन्छ, समारोहको विसर्जन पनि । “आवाहनं नजानामि नजानामि विसर्जनम् पूजां चैव नजानामि क्षमस्व परमेश्वर, यान्तुदेव गणा सर्वे पूजामादाय पार्थिव इष्टकाम प्रसिध्यर्थं पुनरागमनाय च !” भन्ने मन्त्रहरु वाचन गर्दै पूजा विर्सजन गरिएझैं आमन्त्रित देवताहरुलाई हाम्रो मनोकामना पूरा गर्न फेरि आउनुहोला भन्दै विसर्जन गरिन्छ । देव देवीहरुलाई शुरुमा आमन्त्रण गरेर प्राणप्रतिष्ठा गर्नु पर्छ यदि नयाँ चित्र बा मूर्तिहरु हुन् भने ।

धर्म, संस्कृति, संस्कार हरेक व्यक्तिका निजी विषय हुन् तर, राष्ट्रियरूपको धर्म, संस्कृति, संस्कार, सभ्यता भन्नु देशको प्राण हो, राष्ट्रियता हो । कुनै भूगोल मात्रैले राष्ट्रियता पूरा हुन्न । देशको राष्ट्रियताको आधार भनेको भाषा, धर्म, संस्कृति, संस्कार र भूगोल हो । हामीले माया गर्न सक्नुपर्छ र यसो हुँदा स्व पहिचान, स्व अस्तित्व कायम रहन सक्छ । प्रकृतिरूपी शक्तिमा यो सारा ब्रह्माण्ड चलेको छ । सम्पूर्ण चराचर जगत्को सिर्जना, पालना र संहार यसै प्रकृतिमा हुने गर्छ । चार प्रकारको मुख्य सिर्जना- अण्डज, स्वेदज, उद्भिज र जरायुज हुन् । जरायुज प्रकृतिको सृष्टिमा मान्छे पनि पर्छ । संसारमा दुई प्रकारका वस्तुहरु छन्- प्राकृत वस्तु र संस्कृत वस्तु । जे जस्तो छ त्यो प्राकृत र त्यो त्यस्तोमा परिस्कृत चाहिँ संस्कृत हो । सम्पूर्ण विश्वको रचना गर्ने पौरुषेयको क्षेत्र प्रकृति नै हो अर्थात् माया । पुरुषकी कार्यरूपा योगमायाको शक्तिले परमसत्ता सञ्चालक बनेका परमेश्वरका सृष्टिमा असम्भव वस्तु केही छैन । दृश्यदेखि अदृश्य पदार्थको सञ्चालन गरेर भौतिक विज्ञान अगाडि बढेको छ । भौतिक विज्ञानले प्रयोग गर्ने र आविष्कार गर्ने स्थल प्राकृत विज्ञान नै हो । पानी विना बिजुली सम्भव छैन ।

प्रकृतिले यथास्थितिमा प्रदत्त विषय प्राकृत हो भने प्रकृतिको ईश्वरीय कृतिमा निर्मित मानवले प्रकृतिप्रदत्त विषयवस्तुलाई आफू अनुकूल प्रयोग, हित हुनेगरी संस्कृत गऱ्यो, संस्कार गऱ्यो, काँटछाँट गऱ्यो, परिष्कार गऱ्यो, परिमार्जन गऱ्यो, संशोधन गऱ्यो । उदाहरणका लागि भनौं काठलाई संस्कार गऱ्यो, आफ्नो अनुकूल फर्निचर आदि, माटोढुङ्गालाई संस्कृत, संस्कार गऱ्यो घर, भवन आदि, अन्न फलफूललाई संस्कार गऱ्यो- भण्डारणदेखि जीवनयापनसम्म आदि, कुटानी पिसानी, गोडमेलदेखि तोड्ने फोड्ने यावत् कृयाकलापबाट वस्तुहरुलाई परिष्कृत गरियो, परिमार्जित गरियो, संस्कृत गरियो, त्यतिमात्र होइन प्रकृति प्रदत्त झर्ना, ताल, कुवा, नदी आदिलाई पर्यावरण, वातावरणदेखि जलविद्युत गृह र जीवन उपयोगी दृश्यसम्ममा प्रयोग भयो । मानवमा भएको दिव्य वैज्ञानिक चेतनशक्ति प्रयोग गरेर मानव आफैं सुविधा सम्पन्न, सुसंस्कृतसमेत भयो । संस्कृत साहित्यमा ‘संस्कार’ शब्द यत्रतत्र प्रयोग भएको देखिन्छ । मीमांशकहरुले संस्कारलाई विधिवत् शुद्धि गर्नु भन्ने अर्थमा लिन्छन् । अद्वेतवादीहरु जीवमा हुने शारीरिक क्रिया वा शुद्धिलाई संस्कार भन्छन् । तर्क संग्रहमा संस्कार भन्नाले स्मरणशक्तिमा पर्ने प्रभाव बुझिन्छ ।

वैशेषिक दर्शनले मानिसका २४ गुणलाई संस्कारका रूपमा बताएको नीतिज्ञहरु भन्छन्- शुद्धक्रिया र शुद्धविचार एवम् शुद्ध भावना नै संस्कार हो । मनुस्मृतिले संस्कार भनेको - गर्भाधानदेखि सम्पूर्ण वैदिकर्मलाई संस्कार भनेको छ । कर्मकाण्डले मन्त्रोच्चारण गरी गरिने शुभ कार्यलाई संस्कार भनेको छ । व्यास गुरुले संस्कार भनेको शारीरिक शुद्धि क्रिया भन्नुभएको छ । धर्मलाई पनि अनेक मार्गीहरुले विभिन्न नाम दिएका छन् । शैवहरुले शिव भनेका छन् । वेदान्तीहरुले ब्रह्मा भनेका छन्, बुद्धिष्टहरुले बुद्ध भने, नैयायिकहरुले कर्ता भनेका छन् । जैनमार्गीहरुले धर्मलाई अर्हन्त भनेका छन् भने मीमांशकहरुले कर्म भनेका छन्, जसले जे भने ठीकै भने तर, तीन लोकका सन्चालक भगवान भने एकै हुन्, नाम मात्र पृथक हो ।

## सामाजिक सञ्जाल



**- निलाम्बर आचार्य**

जब काम समयमै पूरा हुँदैन, सम्झनुपर्छ केही गडबड छ । जब लम्बिएको समयमा पनि पूरा हुँदैन, बुझ्नुपर्छ संकट आएको छ । जब समयको वास्तै गरिँदैन, जाने हुन्छ अवस्था नसुध्रिने गरी बिग्रेको छ । मन्त्रिपरिषदको सातौं अधुरो विस्तारले देखाएको छ, हाम्रो राजनीति संकटमा छ, कांग्रेस संकटग्रस्त छ ।



**- डम्मर खतिवडा**

अहिले संसदमा भएका सबै दलको दौड त्यही एक थान मन्त्रीका लागि हो भन्ने पुष्टि भयो । राउतजी भनेजस्तो मन्त्रालय नपाएर निस्किए । एमाले-राप्रपा प्रचण्डको अवसरवाद र धोकाले मन नहुँदा नहुँदै सरकार छोड्न बाध्य भए । देशमा एक साँचो बिकल्प- एक जनपक्षीय हस्तक्षेपका लागि स्पेश खाली नै छ है ।



**- सुर्यराज आचार्य**

आदर्श, निष्ठा, विचार, योजना र कार्यक्रम बिना सिर्फ सत्ता र पदप्रतिको मोहले गर्दा चल्तिको राजनीति गनाउने तहमा पुगेको छ । विकल्पको प्रयास पनि व्यक्ति केन्द्रित सोच, सत्ता र पदले निर्देशित हुँदा ‘ हात्ति आयो, हात्ति आयो फुस्सा’ को सम्भावना ! तै आशा गर्न नछाडौं !



**- शान्ताराज सुवेदी**

शान्ति सुरक्षामा खलल् पुऱ्याउने व्यक्ति/संस्थाको गोप्य सूचना संकलन गर्न सुराकी परिचालन गर्ने उद्देश्यले सुराकी खर्चको व्यवस्था गरिएको थियो । तर, खर्च भने उद्देश्यअनुरूप भएको थिएन । त्यसैले यो रकम राखी रहनुको कुनै औचित्य थिएन । गृहमन्त्रीले खारेजीको प्रस्ताव गर्नु भएछ खुसी लाग्यो ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | व्यापारिक कार्यमा प्रगति हुनेछ । प्रभाव बढ्ने योग छ । |
| वृष | : | पारिवारिक सहयोग राम्रो रहनेछ । जोखिम भएको काम गर्नु हुँदैन । |
| मिथुन | : | सभा समारोहमा सहभागी हुनुपर्नेछ । नयाँ सम्बन्ध बन्नेछ । |
| कर्कट | : | भाई-बहिनीको सहयोग प्राप्त हुनेछ । अनावश्यक खर्चको योग छ । |
| सिंह | : | वाहन चलाउँदा सावधानी राख्नुपर्छ । स्वास्थ्य लाभ हुनेछ । |
| कन्या | : | घरेलू कार्यमा अनावश्यक खर्च हुनेछ । पुरानो कार्य बन्ने योग छ । |
| तुला | : | अशान्तिको कारण तनाव हुनेछ । जिद्दि बानी बढ्नेछ । |
| वृश्चिक | : | लामो यात्राको योग छ । मुद्दा मामिलामा सफलता मिल्नेछ । |
| धनु | : | नौलो मित्र बन्नेछन् । मनोबल उच्च रहनेछ । |
| मकर | : | यात्रा सफल हुन्छ । सभा समारोहमा सहभागी हुनुपर्ने छ । |
| कुम्भ | : | स्थान परिवर्तन हुने योग छ । शत्रु परास्त हुनेछन् । |
| मीन | : | अनावश्यक कार्यमा समय नष्ट हुनेछ । तर, स्वास्थ्य राम्रो हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# देश बनाउने युवाहरू कहिलेसम्म खाडीमा ?

टिप्पणी



● नन्दराम खड्का

*युवाहरू संकट र अभावसँग जुधिरहेका छन् । स्वदेशमै केही गर्ने वातावरण नहुँदा छातिमा राष्ट्रियता र शीरमा स्वाभिमान बोकेका पढे लेखेका युवाहरूपनि आज वैद्य-अवैद्य बाटोबाट रूँदै देश छोडिरहेका छन् । तर बिडम्बना, तिनै युवाहरूले खाडीमा रगत र पसिना बगाएर पठाएको विप्रेषणबाट नेता र सरकारमा बस्नेहरू रमाइरहेका छन् ।*

युवालाई देशको मेरुदण्ड मानिन्छ । युवालाई राष्ट्र परिवर्तनको संवाहकको रूपमा पनि चिनिन्छ । १८ वर्षदेखि ४० वर्ष उमेरसमुहको बिचको नागरिकलाई युवा भनिन्छ । यद्यपि हाम्रो मुलुकको राजनीतिमा भने मध्य अवस्था र ६० वर्ष नाघिसकेकालाई पनि युवा भन्ने गरिन्छ । स्वास्थ्यको दृष्टिकोणले युवा अवस्थामा शरीरमा विकास हुनुपर्ने सम्पूर्ण पक्षको विकास हुने भएकाले यो अवस्थालाई पूर्ण अवस्था मानिन्छ । अर्थात् यस अवस्थामा मानिस दन्दुरुस्त हुनुका साथै उर्जाले भरिएको हुन्छ । युवा अवस्थामा मनोवैज्ञानिक पक्ष, संवेगात्मक पक्ष, सामाजिक पक्ष, राजनैतिक पक्षपनि विकसित भैसक्ने भएकाले यो अवस्था परिपक्कताको अवस्था हो । एउटा युवाले आफ्नो परिवार, सामाज र सिङ्गो राष्ट्रका लागि महत्वपूर्ण योगदान गर्न सक्दछ ।

हाम्रो मुलुकको इतिहासका हरेक क्रान्ति र परिवर्तनमा युवाहरुकै अथक भूमिका रहेको पाइन्छ । ताजै उदाहरण हेर्ने हो भने १० वर्षे माओवादी जनयुद्धमा युवाहरूको महत्वपूर्ण र प्रमुख भूमिका रहेको छ ।

देशमै वातावरण सिर्जना गर्न सकेमा युवाहरूले देश बनाउन थुप्रै योगदान गर्न सक्छन् । चाहे त्यो श्रम गरेर होस्, चाहे ज्ञान सीप प्रयोग गरेर वा सिद्धान्त र विचार निर्माण र कार्यान्वयनले । कथनमा भनिए जस्तै युवा साच्चिकै राष्ट्र परिवर्तनका संवाहक नै हुन् । तर, हाम्रो मुलुक नेपालका अधिकांश युवाहरू भने खाडीमा श्रम बेचिरहेका छन् । देशमा रोजगारीको वातावरण नै छैन । केन्द्रीय तथ्यांक विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार श्रम शक्ति सर्वेक्षण २०७४/७५ ले नेपालमा १५ वर्ष वा सोभन्दा बढी उमेर समूहको जनसंख्यामध्ये नौ लाख आठ हजार व्यक्ति बेरोजगार रहेको देखाएको छ । जसमध्ये पाँच लाख ११ हजार पुरुष र तीन लाख ९७ हजार महिला छन् । बेरोजगारमध्ये बसोबासका आधारमा छ लाख ४० हजार शहरी क्षेत्रमा र दुई लाख ६८ हजार ग्रामीण क्षेत्रमा छन् । तथ्यांकअनुसार करिब ६० लाखभन्दा बढी युवाहरू खाडी र अन्य मुलुकहरूमा श्रम बेचिरहेका छन् । यीमध्ये कतिले विदेशमै दुःख यातना भोगिरहेका छन् । नेपालमा सर्वहारा वर्गका नाममा पटक-पटक युवाकै बलमा क्रान्ति सम्पन्न भए तर, आज युवाहरु रोजगार अभावले खाडी जान विवश छन् ।

स्वदेशमा भएका अधिकांश युवाहरू बेरोजगार बन्नुले उनीहरुको जनजिविकालाई मात्र असर पुग्ने होइन, यसले मुलुककै अर्थतन्त्र कमजोर बन्न पुग्दछ । नेपालका शहरी र ग्रामीण क्षेत्रका लगभग ८० प्रतिशत युवाहरु आफ्नो जीवनकालमा एक पटक खाडी पुगेर फर्किनै पर्ने बाध्यता छ । खाडी पुगेका युवाहरु कति घाइते भएर फर्कन्छन् भने हरेक सरदर तीन जना रातो बाकसमा लाश बनेर फर्किने गर्दछन् । हामी यो सबै स्वीकारेर बसेका छौं । सरकार साक्षी बसेको छ । इतिहासबाट अहिलेसम्म देश हाँकिरहेकाहरु भने ६० वर्ष काटेकाहरु छन् ।

आज बेरोजगार युवाहरूलाई हरेक आश्वासन देखाएर दल र नेताहरूले चुनावी प्रयोगको साधन बनाएका छन् । युवाहरू संकट र अभावसँग जुधिरहेका छन् । स्वदेशमै केही गर्ने वातावरण नहुँदा छातिमा राष्ट्रियता र शीरमा स्वाभिमान बोकेका पढे लेखेका युवाहरूपनि आज वैद्य/अवैद्य बाटोबाट रुँदै देश छोडिरहेका छन् । तर बिडम्बना, तिनै युवाहरूले खाडीमा रगत र पसिना बगाएर पठाएको विप्रेषणबाट नेता र सरकारमा बस्नेहरु रमाइरहेका छन् । महँगा गाडीमा हुँईकिरहेका छन् । कुर्सीका लागि खिचातानी गरिरहेका छन् । नेपाल आमाको छातीमा उफ्रिएर महँगा महँगा बुट बजारीरहेका छन् । भ्रष्टाचार मौलाइरहेको छ । खाडीमा आँशु, खुन, पसिना बगाएका युवाको बारेमा सोंच्ने फुर्सद सरकारलाई छैन । युवाहरुले पठाएको विप्रषणले मुलुक धान्ने तर, उनीहरुको विषयमा राज्यले कहिल्यै नसोंच्ने । युवाहरुलाई स्वदेश फर्काएर देशकै विकास गर्नुपर्छ भन्ने कहिल्यै नसोंच्ने । के अब यसैगरी युवाहरु टुलुटुलु मात्रै हेर्ने हो त ? अब ढिला भइसकेको छ । देश चलाउने हिम्मत युवाहरु गर्न आवश्यक छ । खाडीका युवाहरुलाई प्रश्न, कहिलेसम्म खाडीलाई सिञ्चित गर्ने ?

# चीनका शीर्ष विधायक र स्पेनका प्रधानमन्त्रीबीच भेटवार्ता

**काठमाडौं/एजेन्सी–** चीनका शीर्ष विधायक झाओ लेजीले शुक्रबार बेइजिङमा स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजसँग भेटवार्ता गरेका छन् ।

सो अवसरमा नेशनल पिपुल्स कांग्रेस (एनपीसी) स्थायी समितिका अध्यक्ष झाओले चीन-स्पेन सहयोगको बलियो आधार रहेको भन्दै त्यसलाई अझ व्यापक बनाउन आवश्यक रहेको बताएका छन् ।



यस वर्ष चीन-स्पेन कूटनीतिक सम्बन्ध स्थापना भएको ५० औँ वार्षिकोत्सवका साथै चीन-इयु व्यापक रणनीतिक साझेदारीको स्थापनाको २०औँ वार्षिकोत्सव मनाइँदै छ । उक्त भेटमा झाओले आपसी विश्वास र मित्रतालाई अझ प्रगाढ बनाउने प्रयास गर्नुपर्ने बताएका छन् । त्यसैगरी व्यावहारिक सहयोगका लागि प्रतिबद्ध रहन र संयुक्तरूपमा चीन-ईयु सम्बन्धको स्थिर विकासलाई कायम राख्नुपर्ने झाओको धारणा रहेको छ ।

झाओले चीनको एनपीसीले स्पेनसँग थुप्रै क्षेत्रमा मैत्रीपूर्ण आदानप्रदानलाई बलियो बनाउन एवं कानून सुपरिवेक्षणमा विभिन्न विषयलाई आदानप्रदान गर्दै थप सुदृढ गर्न र बहुपक्षीय मञ्चहरूमा नजिकबाट समन्वय र सहयोग गर्न इच्छुक रहेको पनि बताएका छन् ।

त्यसैगरी प्रधानमन्त्री सान्चेजले स्पेनले चीनसँगको सम्बन्ध विकासलाई ठूलो महत्व दिएको र एक चीन सिद्धान्तलाई दृढतापूर्वक पालना गर्ने बताएका छन् ।

स्पेन-चीन र ईयु-चीन सम्बन्धको विकासलाई प्रवर्द्धन गर्न स्पेनी पक्ष चीनसँग व्यापार, लगानी, संस्कृति र अन्य क्षेत्रमा आदानप्रदान र सहयोगलाई थप विस्तार गर्न तयार रहेको पनि सान्चेजले बताए ।

---

Lumbini Province Government
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

## Road Infrastructure Development Office

Rupandehi

## Invitation for Bids

**IFB No:-19/RIDORUP/079-80**
**Date of Publication: April 2, 2023 (2079-12-19)**

1. Road Infrastructure Development Office, Rupandehi invites **electronic bids only** from eligible bidders for following works under NCB bidding procedure.

| S.N. | Project Name | Contract ID | Fee of Bid Doc. (NRs.) | Estimated Amount (excluding VAT) | Bid Validity Period | Bid Security Amount | Bid Security Validity |
|---|---|---|---|---|---|---|---|
| 1 | Siyarikhola Truss (Trail) Bridge Dakshineshwar Dham Siyari 3 & 4 | RIDORUP/RUP/134/ NCB/079/080/188 | 3,000.00 | 3,141,308.05 | July 31, 2023 | 80,000.00 | August 31, 2023 |
| 2 | Upgrading of Shivpur- Jamuwani Road Tilottama -13 , Rupandehi | RIDORUP/RUP/134/ NCB/079/080/189 | 3,000.00 | 1,267,349.13 | July 31, 2023 | 35,000.00 | August 31, 2023 |

2. For Siyarikhola Truss (Trail) Bridge Dakshineshwar Dham Siyari 3 & 4 (RIDORUP/RUP/134/NCB/079/080/188), construction experience of at least
   a. One Truss (Trail) Bridge having pile foundation with length of 20.0 Meter shall be needed.
   Or
   b. One Suspension or Suspended Type Trail Bridge with pile foundation shall bee needed.
3. Bid Submission and Opening

| Submission | | Opening | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | Bidders download the bidding document and submit their bids electronically through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp. Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified. |
| May 2, 2023 (2080/1/19) | 12:00 hrs | May 2, 2023 (2080/1/19) | 13:00 hrs | |

4. Revenue Account Details:

| Office Name | Bank Name | Bank Address | Account Number | Office code/ Revenue Heading No. |
|---|---|---|---|---|
| Provincial Treasury and Controller Office, Butwal Rupandehi | Rastriya Banijya Bank | Butwal Branch | 1000200010000 (Rajaswa) | Office code : 3370148025, Road Infrastructure Development Office, Rupandehi Revenue Heading no: 14229 |

5. Pre-bid meeting shall be held at the office on April 21, 2023 at 11:00 AM at the office premise.
6. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
7. Bidders are requested to read the bid document carefully and submit the required documents in a clear and understandable form and as per the instructions given in the bid document. Failure in the submission of the required document demanded in the bid document may lead to disqualification.
8. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

---

## Melauli Municipality
## Office of The Municipal Executive

**Melauli, Baitadi**
**Sudurpaschim Province, Nepal**

## Invitation for Bids

**Date of publication: 2079/12/19 (2nd April 2023)**

1. Melauli Municipality, Office of The Municipal Executive, Melauli, Baitadi ,invites Technical as well as Financial bids from eligible bidders for the construction of following works under National Competitive Bidding Procedures.

| Contract Identification No. | Description of work | Estimated Amount Without VAT (NRs) | Average Annual Construction Turnover of best 3 years out the last 10 years without VAT (NRs) | Construction experience of similar size and nature of work without VAT (NRs) | Financial Resources (Liquid assets/Credit facility) (NRs) | Bid Security Amount (NRs) | Fee for Bidding Document (NRs) |
|---|---|---|---|---|---|---|---|
| 14/NCB/ MCB/2079/080 | Construction of Manilek Campus First Floor | 31,25,817.82 | - | - | - | 92,000.00 | 3,000.00 |
| 15/NCB/ KBWSS/2079/080 | Construction of Kedarmandau Bishalpur Lifting Supply and Sanitation Project melauli-9 | - | 4,50,00,000.00 | 3,34,00,000.00 | 75,00,000.00 | 15,00,000.00 | 5,000.00 |

2. Only electronics bidding through EGP System (www.bolpatra.gov.np/egp) of Public Procurement Monitoring Office (PPMO) are permitted.
3. **Last Date & Time Bid Submission:** 2080/01/19 B.S. (2nd May 2023), 12:00 Noon
4. **Date, Time and place of technical Bid Opening**: 2080/01/19 B.S. (2nd May 2023) 13:00 Noon at Melauli Municipality, Office of Municipal Executive, Melauli, Baitadi.
5. **Account No. for Bid Document Purchase**

| Bank | Account Name | Revenue Account Number |
|---|---|---|
| **Kumari Bank Limited, Melauli, Baitadi** | **GA.1.1 Aantarik Rajashwo Khata** | **2710247109400012** |

6. **Account Details for Bid Security Deposit:**

| Bank | Account Name | Revenue Account Number |
|---|---|---|
| **Kumari Bank Limited, Melauli, Baitadi** | **GA.3 Dharauti Khata** | **2710247109400004** |

**OR** Bank Guarantee issued by Commercial Bank as per prevailing Law.

9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
10. The Employer, Melauli Municipality, Office of Municipal Executive Melauli, Baitadi**,** reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
11. Other mandatory information as per PPA and PPR.

---

## कुमारी बैंक लिमिटेड शाखा कार्यालय प्रतिमाचौक, पर्साको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०७९/१२/१९ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय प्रतिमाचौक, पर्साबाट तपसिलमा उल्लेखत ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत बैंकलाई धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० बैशाख ०४ गते सोमबार**का दिन शाखा कार्यालय प्रतिमाचौक, पर्सामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुने छ ।

**तपसिल**

**ऋणीको विवरणः**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, कलैया, बारामा मिति २०७७/०५/२२ मा प्रा.फ.र.नं. ९२५९/०७७/०७८ कायम भई दर्ता रहेको बारा जिल्ला, प्रसौनी गा.पा. वडा नं. ०६ स्थित रजिष्टर्ड कार्यालय रहेको **प्रियंका सप्लायर्स**का प्रोप्राईटर विदेशी महतो कोइरी/रामपति देवीको नातिनी, विरजा महतोकोइरी/जानकी देवीको छोरी, लक्ष्मी प्रसाद महतो/पसपतिया देवीको बुहारी, श्री भगवान प्रसादको पत्नी बारा जिल्ला, प्रसौनी गा.पा. वडा नं. ०२ (साबिक बारा जिल्ला, बंजरिया गा.वि.स. वडा नं.०७) बस्ने **रामधेनी देवी** (ना.प्र.नं. ३५१७, जारी मिति २०४६/०३/२९, जिल्ला प्रशासन कार्यालय बारा) ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण :**

१. विदेशी महतो कोइरी/रामपति देवीको नातिनी, विरजा महतो कोइरी/जानकी देवीको छोरी, लक्ष्मी प्रसाद महतो/पसपतिया देवीको बुहारी, श्री भगवान प्रसादको पत्नी बारा जिल्ला, प्रसौनी गा.पा. वडा नं. ०२ (साबिक बारा जिल्ला, बंजरिया गा.वि.स. वडा नं.०७) बस्ने **रामधेनी देवी** (ना.प्र.नं. ३५१७, जारी मिति २०४६/०३/२९, जिल्ला प्रशासन कार्यालय बारा) ।
२. लक्ष्मी प्रसाद महतो/पसपतिया देवीको नाति, श्री भगवान प्रसाद/रामधेनी देवीको छोरा, बारा जिल्ला, प्रसौनी गा.पा. वडा नं. ०२ (साबिक बारा जिल्ला, बंजरिया गा.वि.स. वडा नं.०७) बस्ने **दिपेन्द्र प्रसाद कुशवाहा** (ना.प्र.नं. ३३१०८६/३४७६०, जारी मिति २०७०/०१/२६, जिल्ला प्रशासन कार्यालय बारा) ।
३. तिलक महतो/बसमतिया देवीको नाति, लक्ष्मी प्रसाद महतो/पसपतिया देवीको छोरा, रामधेनी देवीको पति, बारा जिल्ला, प्रसौनी गा.पा. वडा नं. ०२ (साबिक बारा जिल्ला, बंजरिया गा.वि.स. वडा नं. ०७) बस्ने **श्री भगवान प्रसाद** (ना.प्र.नं. १५२३/१७३५, जारी मिति २०४५/०१/२३, जिल्ला प्रशासन कार्यालय बारा) ।
४. लक्ष्मी प्रसाद महतो/पसपतिया देवीको नाति, श्री भगवान प्रसाद/रामधेनी देवीको छोरा, उर्मिला देवीको पति, बारा जिल्ला, प्रसौनी गा.पा. वडा नं. ०२ (साबिक बारा जिल्ला, बंजरिया गा.वि.स. वडा नं.०७) बस्ने **सुरेश प्रसाद कुशवाहा** (ना.प्र.नं. ३३३०८६/३१८५, जारी मिति २०६३/१२/०७, जिल्ला प्रशासन कार्यालय बारा) ।
५. केशवर महतो/प्रतिमा देवीको नातिनी, सिरी प्रसाद कोइरी/सुगान्धी देवीको छोरी, श्री भगवान प्रसाद/रामधेनी देवीको बुहारी, सुरेश प्रसाद कुशवाहाको पत्नी, बारा जिल्ला, प्रसौनी गा.पा. वडा नं. ०२ (साबिक बारा जिल्ला, बंजरिया गा.वि.स. वडा नं. ०६) बस्ने **उर्मीला देवी** (ना.प्र.नं. ३३/०१/७६/११७७४, जारी मिति २०७६/१०/२६, जिल्ला प्रशासन कार्यालय बारा) ।

**लिलाम हुने सम्पत्तिको विवरणः**

१. **श्री भगवान प्रसाद**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, प्रशटोका गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. ५०१ को क्षे.फ. ०-९-११ (विगाह)को घर/जग्गा र सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **रामधेनी देवी**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, वंजरिया गा.वि.स./न.पा. वडा नं. ७ स्थित कित्ता नं. ७०७ को क्षे.फ. ०-३-१३ (बिगहा)को घर/जग्गा र सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात **२०८० बैशाख ०३ गते** भित्र बैंकको शाखा कार्यालय प्रतिमाचौक, पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय प्रतिमाचौक, पर्साबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिने छ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको मितिले १६ **(सोह्रौं) दिन अर्थात २०८० बैशाख ०४ गते ३:०० (तिन) बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय प्रतिमाचौक, पर्सामा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय प्रतिमाचौक, पर्सामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८० बैशाख ०४ गते सोमबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय प्रतिमाचौक, पर्सा फोन नं. ०५१-५९१७०५/०८**

# बक्स अफिस समाचार



## ‘संसारभरका नेपालीका लागि आकर्षक बन्दै थाली नाच’

थाली नृत्यलाई पेसाको रुपमा अंगाल्दै यसै क्षेत्रमा समर्पित नृत्यांगनाको नाम हो एलिजिबा पुर्जा पुन । म्याग्दी, धौलागीरी गाउँपालिका ६ मा २030 सालमा जन्मिएकी एलिजिबा लामो समयदेखि थाली नाचको प्रचारप्रसार र प्रवर्द्धनमा सक्रिय रहँदै आएकी छिन् । युवा पुस्तामा मौलिक थाली नृत्यप्रति आकर्षण बढेसँगै मेला महत्सोवहरुमा थाली नाचको माग बढ्न थालेको छ । थाली नृत्य विशेषत: पश्चिम नेपालमा बढी नाचिने भएपनि पछिल्लो समय समुन्द्रपारि प्रवासमासमेत यो नाचको आकर्षण बढिरहेको छ । मेला महोत्सव र दर्जनौं स्टेज कार्यक्रममा आफ्नो प्रस्तुति पस्कँदै आएकी एलिजिबा राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालद्वारा आयोजित छैटौं टुबोर्ग राष्ट्रिय रनिङ शिल्ड खुला दोहोरी गीत प्रतियोगिता २०७८ मा मौलिक थाली नृत्यबाट सम्मानित भएकी थिइन् । यस्तै उनी जय प्राप्ति म्युजिक अवार्ड २०७९, चौथो एपिक नेपाल म्युजिक अवार्ड २०७९, दोस्रो नेशनल इन्टरटेनमेन्ट अवार्ड २०७९ लगायतका अवार्ड तथा सम्मानबाट सम्मानित भइसकेकी छिन् । मगर संघ सम्पर्क समन्वय केन्द्रीय समिति म्याग्दीकी कोषाध्यक्षसमेत रहेकी कुशल नृत्यांगना **एलिजिबा पुर्जा पुन**सँग **मध्यान्ह दैनिक**का लागि **सानु श्रेष्ठ**ले गरेको कुराकानीको सम्पादित अंश :

**थाली नाचप्रति कसरी आकर्षित हुनुभयो ?**

अरु नाचभन्दा फरक थाली नाच भएकाले म आकर्षित भएकी हुँ ।

**म्याग्दी जिल्लाको आसपासमा मात्र थाली नाचको चर्चा हुने गरेको पाइन्छ सर्वव्यापी तुल्याउन के गर्नुपर्ला ?**

थाली नाच त धेरै जिल्लामा नाचिन्छ तर खोजीमात्र नभएको हो । हामिले खोजी गऱ्यौं भने थाली नाचले सर्वव्यापी चर्चा पाउँछ भन्ने कुरामा विश्वस्त छु ।

**आधुनिक खालका गीत र नृत्यले समाजमा स्थान लिइरहेको अवस्थामा यो नाचको भविष्य कस्तो देख्नुहुन्छ ?**

थाली नाच अरु नाचभन्दा फरक छ, मौलिकता झल्काउँछ । हामी सबैले मिलेर यसलाई अगाडि बढाउनसके राम्रो हुन्छ । पछिल्लो समय थाली नृत्यसम्बन्धी गीत पनि रेकर्ड भएकाले यसको लोकप्रियता अझै बढेको छ। देशका विभिन्न ठाउँमा हुने मेला महोत्सव, सम्मेलनमा मात्र नभएर विदेशमा समेत थाली नाच देखाउने गरिएको कारण यसको महत्व अझ बढिरहेको छ ।

**हातमा थाल राखेर हत्केलाले घुमाई-घुमाई नचाएको र नाचेको दृष्य निकै रोचक हुन्छ । तर नृत्य प्रस्तुत गर्न कत्तिको सहज छ ?**

देखेको जस्तो सजिलो त कुनै पनि काम हुँदैन । झनै थाल हातको हत्केलामा राखेर नाच्न त कहाँ सजिलो हुन्छ र । मनमा इच्छा हुनुपर्छ सकिँदो रहेछ अहिले सहज नै लाग्छ ।

**थाली नाचका लागि कस्तो खालको गीतसंगीतको आवश्यकता पर्छ ?**

सालैजो, कौडा, मारुनी, ख्यालीजस्ता गीतहरुको आवश्यकता पर्छ । गीतको लय र शब्दसँगै हातमा थाल राखेर गरिने थाली नृत्य हत्केलाले घुमाई-घुमाई नचाएको र नाचेको दृष्य निकै रोचक मानेर हेर्नुहुन्छ दर्शकहरु ।

**सावधानीपूर्वक गरिने थाली नृत्य मौलिक, आकर्षक र संयमित भएकाले लोकप्रिय बनेको हो ?**

त्यो पनि हो, तर अझै अरु नाचभन्दा फरक मौलिकता र टिपिकल भएर हो लोकप्रिय बनेको । वि.सं. २०४४ सालमा काठमाडौंमा भएको सार्क सम्मेलनमा प्रदर्शन गरेपछि थाली नाचको राष्ट्रिय र अन्तर्राष्ट्रियकरण भएको हो ।





**नृत्यको समयमा थाल भुईंमा खसेमा अशुभ हुने मान्यता छ । यसमा तपाईं विश्वास गर्नु हुन्छ ?**

अग्रज कलाकारहरुले भन्दै आउनु भएको कुरा हो, विश्वास गर्छु ।

**पुरानो र नयाँ पुस्ताबीच संस्कृति हस्तान्तरणका लागि थाली नृत्यको प्रशिक्षण दिने काम भइरहेको छ कि ?**

मनोरञ्जनका लागि मात्रै नभएर लोकसंस्कृतिको संरक्षणका लागि पनि देश तथा विदेशमा रहेका नेपालीले समेत चासो देखाइरहेका कारण यो नाचको संरक्षण र प्रवर्द्धनका लागि नयाँ पुस्तालाई प्रशिक्षण दिनुका साथै यस नाचप्रति आकर्षित गराउन विभिन्न कार्यक्रमहरु हुँदै आएको छ ।

**थाली नाचमा पारङ्गतको संख्या कति होला ?**

यति नै संख्यामा छ भन्न त कठिन छ । तर अरु नाचको तुलनामा एकदमै कम छन् ।

**विदेशमा हुने कार्यक्रममा यो नाचको माग कत्तिको हुने गरेको छ ?**

फरक टिपिकल मौलिक नाच हो थाली नाच । विदेशमा भन्दा नि आफ्नै देशमा हुने मेला महोत्सवमाबोलाउनु हुन्छ । थाहा भएअनुसार अमेरिका, अष्ट्रेलिया, जापान, बेलायतलगायतका देशमा रहेका नेपालीहरूले विशेष अवसर वा फुर्सदको समयमा थाली नाचको आयोजना गर्दै आइरहनु भएको छ ।

**अन्त्यमा यो नाचको बारेमा के भन्न चाहनु हुन्छ ?**

चिमखोलामा थाली नाचसँगै जुरेचल्ला, शर्माजाले, कलश जुधाउने, टोपा नाच, भूमे खुसी बनाउन कालोमोसो लगाउने जस्ता मौलिक संस्कृति रहेका छन् । यी चिमखोलाका मौलिक संस्कृति अहिले म्याग्दीमा मात्रै होइन संसारभरिका नेपालीका लागि आकर्षक बन्दैछ । त्यसैले सबैले मिलेर मौलिक संस्कृति बोकेको टिपिकल थाली नाचलाई अझ अगाडि बढाउन सहयोग गर्नुहोला भन्न चाहन्छु ।

## जेनिशा निर्देशित ‘यहीं कतै २’मा प्रविशाको स्वर




**काठमाडौं / मस-** गायिका प्रविशा अधिकारीको स्वरमा रहेको ‘यहीं कतै’ बोलको गीतको भिडियो सार्वजनिक भएको छ । गीतमा किरण पुनको शब्द तथा सुवाश भुसालले संगीत र उदयराज पौडेलको एरेन्ज रहेको छ ।

प्रेम कथामा आधारित गीतमा जीवनका सुनौला पलहरुलाई आकर्षकरुपमा प्रस्तुत गरिएको छ । जेनिशा निर्देशित गीतमा जेनिशा र कमल घिमिरेको अभिनय देख्न सकिन्छ । गीतको भिडियोमा अष्ट्रेलियाको सिड्नी आसपासको विभिन्न स्थानमा छायांकन गरिएको छ ।

जेनिशाको अभिनय एवं स्वरमा यसअघि ऐंसेलु दाना, महँगीले मार्यो बरिलै, माया बराबरी, सुटुक्कै लगायतका विभिन्न लोकप्रिय गीतहरु सार्वजनिक भइसकेका छन् । गायन र अभिनयमा जमेकी उनको भिडियो निर्देशनमा भने यो दोस्रो प्रयास रहेको उनले बताइन् ।


**भूल सुधार**

मिति २०७९/१२/१७ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित यस प्रा.लि.को मलेसियामा रोजगार शिर्षको L.T. No. 283829, चलानी नं.: ६०१९९१५४ र पूर्व स्वीकृत मिति: २०७९/१२/१७ भएको विज्ञापनमा कम्पनीको नाम: EATOMO SDN BHD हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

वि. एस. ओभरसिज प्रा. लि.
पो.ब.नं.: १५१४२, सामखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.: ०१-४९६३३५८, ०१-४९८७४०२, ०१-४३६४४१०
श्रम इजाजत नं. ५४०/०६१/०६२
ISO 9001 : 2015 CERTIFIED Regd No : 19313/A/001/En



**मलेसियामा रोजगार**

कम्पनी : AMG ARMOURGUARD(M) SDN BHD
शहर : SELANGOR
पूर्व स्वीकृत मिति: २०७९/१२/१७ चलानी नं.: ६०१९९१५७ L.T. No.: 283672

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 7 | 0 | स. काममा दक्ष | 1500 | ४४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत २६ गते (9 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

RHYTHM OVERSEAS PVT. LTD.
Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4478824, 4478825
9851041625, 9808802926,Email.: info@rhythmoverseas.com.np, rhythmnepal@gmail.com
Govt. Lic. No. 865/066/067


**Galyang Municipality**
**Office of The Municipal Executive**
**Galyang, Syangja**

**Invitation for Sealed Quotation**

**First Date of Publication: 2023/04/02 ( 2079/12/19)**

1. Galyang Municipality invites electronic bids from eligible bidders for following procurement of works through Sealed Quotation .

| S. N. | Contract No. | Description of work | Bid Security Amount NRs | Last Date of Bid Submission | Bid Opening Date and Time | Cost of Bid Document NRs |
|---|---|---|---|---|---|---|
| 1. | Contract ID: GM/SYA/ SQ/WORKS/ 15/2079/080 | Construction of Gabion Retaining Wall at Approach Road of Municipality Building | 37,500 | 2023/04/16 12.00 Hours | 2023/04/16 14.00 Hours | 1,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bid Documents at the office of Galyang Municipality, Galyang, Syangja, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

**Ministry Of Urban Development**
**Kohalpur Town Development Commettee**
**Kohalpur Banke**

**Invitation for Sealed Quatation**

**Date of publication: April 2, 2023**

1. **Kohalpur Town Development Committee** invites electronic bid from eligible bidders as per details given below under NCB bidding procedures.

| Name of Project & Contract ID. | Price of Bid Document | Bank A/C details (For cost of Bid document) | Last Date, Time of bid submission and Opening | Bid Security Amount & Bid Security | Remarks |
|---|---|---|---|---|---|
| Construction of Finishing works of Kriyaputri Bhavan (Identification No.: KTDC/Kohalpur/ NCB/2079/80-06) | Nrs. 1000 | Name of Account: Kohalpur Town Development Committee, Kohalpur Banke Account no.: 0720500364003031 Name of Bank: Agriculture Development Bank Ltd., Branch: Kohalpur Banke | 17th Apr, 2023 at or before 12:00 hrs and 13:00 hrs respectively | Nrs. 43,000/00 | |

2. Bidders may obtain further details from the PPMO's e-GP system www.bolpatra.gov.np/egp under the name of public entity: **Kohalpur Town Development Committee.**


**मलेसियामा रोजगार**

कम्पनी : FOONG LEE SAWIMINYAK SDN.BHD.
शहर: Malaysia, Selangor
पुर्व स्वीकृत मिति: २०७९/१२/१८ चलानी नं.: ६०१९९२०४ L.T. No.: 283791

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 15 | 0 | स. काममा दक्ष | 1500 | ४४,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत २६ गते (9 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

PEOPLE HRS PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel.: 4110617
Email: connectus1475@gmail.com, Web.: www.peoplehrsnepal.org
Gov. Lic No. 1475/074/075



**साउदीमा रोजगारको अवसर** | कम्पनी: RAMLET AL-BAYDA TRANSPORT CORPORATION
शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०७९/१२/१७ चलानी नं.: ६०१९९१३६ L.T. No.: 283789

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HEAVY TRUCK DRIVER | 9 | 0 | स. काममा दक्ष | 1800 | ६३,०३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत्र २६ गते (9 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Yatra H.R. Solution Pvt. Ltd.
Gaurighat-7, Kathmandu, Tel: 4114682, 4114683
E-mail: yatrahr2017@gmail.com, Web.: www.yatrahrsolution.com
Gov. Lic No. 1096/073/074



**बहराइनमा रोजगार** | कम्पनी: ABDUL HADI AL-AFOO W.L.L.
शहर: MANAMA
पुर्व स्वीकृत मिति: २०७९/१२/१७ चलानी नं.:६०१९९११७ L.T. No.: 283636

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason | 5 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४१,८३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Pipe Fitter | 5 | 0 | | 120 | ४१,८३३ | | | | | | | |
| 3. | Shuttering Carpenter | 5 | 0 | | 120 | ४१,८३३ | | | | | | | |
| 4. | Steelfixter | 3 | 0 | | 120 | ४१,८३३ | | | | | | | |
| 5. | Worker | 50 | 0 | | 100 | ३४,८६१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ चैत २६ गते (9 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

अल- सहेली म्यानपावर प्रा. लि.
पो.ब.नं.: २२४४, सामाखुसी-२६, टाउनप्लानिङ (श्रेष्ठ प्लाजा), काठमाडौं, नेपाल
फोन: ४९८७३७२, ४९८७७४०, फयाक्स: ४९८७३२९, मो: ९८१८६१९७८०, E-mail : alsahelimanpower2010@gmail.com
श्रम इजाजत पत्र नं.: ८९३/०६७/०६८



**QATAR मा रोजगारको अवसर** | कम्पनी : Woongnam Engineering and Construction Co. Ltd.
शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७९/१२/१७ चलानी नं.: ६०१९९१३२ LT. No.: 283817

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 41 | 0 | स. काममा दक्ष | 1000 | ३५,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत २६ गते (9 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Worldwide Human Resource Networking Pvt. Ltd.
Ratopool, Kathmandu, Nepal. Tel.: 01-4570457, 4570244
Web.: www.nepal.manpower.net
Govt.Lic. No. 534/061/062

# ‘नेपाललाई उत्कृष्ट खेलकुद हब बनाउन सकिन्छ’

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ चैत



